# अध्याय : एक

# परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोध पत्रको शीर्षक कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली'मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत सुकुना बहुमुखी क्याम्पस नेपाली विभाग, स्नातकोत्तर तह एम. एड्. द्वितीय वर्ष ५९८ पत्रको आवश्यकता परिपूर्तिका निमित्त तयार पारिएको हो ।

## १.३ समस्याकथन

प्रस्तुत शोधपत्रमा कक्षा ६ का लागि पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरमा प्रकाशित पुस्तक 'हाम्रो नेपाली किताब' र निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल अन्तर्गत आठराई पब्लिकेसन प्रा. लि. अनामनगर काठमाडौँबाट प्रकाशित पाठ्यपुस्तक 'रसिलो नेपाली' कक्षा ६ मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गरिएको छ । यसलाई निम्नानुसार बुँदामा प्रष्ट पार्न सकिन्छ ।

१.३.१ दुई समानान्तर पाठ्यपुस्तकबीच समाविष्ट नमुना अभ्यासमा के कस्ता समानता र भिन्नता छन् ?

१.३.२ नमुना अभ्यास विद्यार्थीका रुचि, चाहना, क्षमता र स्तर अनुरूप छन् छैनन् ?

१.३.३ नमुना अभ्याससँग भाषिक सीपमूलक अभ्यास के कति छन् ? अभ्यासमा के कस्ता विविधता छन् ?

## १.४ शोधका उद्देश्य

यस शोध अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

**१.४.१** कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' किताबबीच नमुना अभ्यासको तुलनात्मक अध्ययन गर्नु ।

**१.४.२** दुई समानान्तर पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरू विद्यार्थीको रुचि, क्षमता, स्तर र चाहना अनुरूपको पक्षको पहिचान गर्नु,

१.४.३ उक्त दुवै पाठ्यपुस्तकमा नमुना अभ्यासहरूमा सीपमूलक अभ्यास र अभ्यासको विविधताको सबल र दुर्बल पक्षको पहिचान गर्दै सुधारका लागि सुझाब दिनु ।

## १.५ अध्ययनको औचित्य

प्रस्तुत अध्ययन कक्षा ६ को हाम्रो नेपाली किताब र 'रसिलो नेपाली' मा समाविष्ट नमुना अभ्यासको तुलनामा सीमित रहेको छ । कुनै पनि विषयको अध्ययन विश्लेषण गर्नु आफैँमा जटिल कार्य हो । अध्ययन कार्यको विश्लेषणको सीमा ज्यादै फराकिलो हुने भएकाले औचित्यका आधारमा क्षेत्र र परिधिको निर्धारण गरिन्छ । यस अध्ययन कार्यको पनि खास औचित्य रहेको छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१.५.१ 'हाम्रो नेपाली किताब' कक्षा ६ र 'रसिलो नेपाली' कक्षा ६मा राखिएका नमुना अभ्यासको अध्ययनले भाषिक कौशल प्राप्त गर्ने तरिकाबारे जानकारी दिनेछ ।

१.५.२ दुई समानान्तर पाठ्यपुस्तकका नमुना अभ्यासबीच तुलनात्मक अध्ययन भएकाले भावी अनुसन्धानका लागि सहयोगी बन्ने र दुई पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू कुन बढी व्यवहारिक, सबल, विधागत रुपमा सन्तुलित, उद्देश्यमूलक र उपयोगी छ भन्ने निष्कर्ष दिने भएकाले पाठ्यपुस्तक लेखक र सोसँग सम्बन्धित सरोकारवाला व्यक्तिहरू तथा संस्थाका लाीग सहयोगी हुनेछ ।

१.५.३ प्रस्तुत शोध दुई समानान्तर पाठ्यपुस्तकका अन्तमा रहेका नमुना अभ्यासमा हटाउनु पर्ने, सुधार गर्नुपर्ने र थप गर्नुपर्ने नमुना अभ्यासका बारेमा जानकारी लिन सहयोगी बन्नेछ ।

## १.६ अध्ययनको सीमा

प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

१.६.१ प्रस्तुत अध्ययन कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' मा प्रयुक्त नमुना अभ्यासहरूमा मात्र सीमित रहेको छ ।

१.६.२ नमुना अभ्यासको तुलना गर्दा खास गरी विषयवस्तुमा जोड दिइएको हुँदा वर्णनात्मक ढाँचालाई विशेष प्राथमिकता दिइएको छ । तुलनात्मक अध्ययनका क्रममा पुस्तकालयीय तथा अनुसन्धानात्मक ढाँचाको पनि सहारा लिइएको छ ।

## १.७ अध्ययन विधि

अध्ययन अनुसन्धान गर्दा विभिन्न विधिहरूको उपयोग गरिने भएपनि यस अध्ययनमा विशेष गरी विषयवस्तुमा जोड दिइएको हुँदा वर्णनात्मक ढाँचालाई प्राथमिकता दिइएको छ । तुलनात्मक अध्ययन विश्लेषणका क्रममा अध्ययन विधिलाई पुस्तकालयीय विधि, तालिकीकरण विधि र साङ्ख्यिकीकरण विधिका समेत उपयोग गरी अन्तमा निष्कर्षमा पुगी सुझाबसमेत प्रस्तुत गरिएको छ ।

## १.८ शोधको रुपरेखा :

अध्याय एक : परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा

अध्याय तीन : नमुना अभ्यासको सैद्धान्तिक अवधारणा

अध्याय चार : कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' किताबमा समावेश भएका नमुना अभ्यासको अध्ययन

अध्याय पाँच : व्याख्या एवम् विश्लेषण

अध्याय छ : निष्कर्ष र सुझाब

सन्दर्भ ग्रन्थसूची

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि विषयमा शोध अध्ययन थाल्नु भन्दा पहिला उक्त विषयमा हालसम्म भए गरेका पूर्वकार्यहरू (पुस्तक, पत्रिका, लेख, प्रतिवेदन र शोध अध्ययन) को व्यवस्थित अध्ययन, समीक्षा तथा मूल्याङ्कन आवश्यक देखिन्छ । आफूले छानेको विषयमा अग्रजहरूले गरेका महत्त्वपूर्ण कार्यले उक्त विषयमा काम गर्न सरलता ल्याउनुका साथै सही गोरेटो पहिल्याउनमा पनि मद्दत गर्ने भएकाले पूर्वकार्यको समीक्षा यस सन्दर्भमा महत्त्वपूर्ण देखिन्छ । यस अध्ययनका सिलसिलामा पनि यस भन्दा पहिला विभिन्न विद्वान, लेखक, अनुसन्धानकर्ताले सम्बन्धित क्षेत्रमा के कति शोध अध्ययन गरेका रहेछन् र गर्न बाँकी के रहेछ भन्ने कुरा उल्लेख गरिएको छ जसको विवरण तल प्रस्तुत गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत शिक्षा विकास तथा अनुसन्धान केन्द्रका लागि "शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्त्वहरू" (२०४४) शीर्षकमा गरिएको एक अध्ययनमा नेपाली भाषाका प्राथमिक पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन भएको पाइन्छ ।

भाषा सिकाइका निम्ति अन्य विषयको जस्तो एकल धारणाले मात्र पुग्दैन । यसमा विषयवस्तुको ज्ञानका साथै भाषिक सीपको ज्ञान पनि दिनुपर्ने भएकाले त्यससँग सम्बन्धित अभ्यासहरू पर्याप्त मात्रामा चयन गरिनुपर्छ । नमुना अभ्यासको छनोट र स्तरण गर्दा पनि विद्यार्थीको क्षमता सुहाउँदो किसिमले सरलबाट जटिलतातिर जानुपर्दछ । कतिपय अवस्थामा शिक्षकको अनुपस्थितिमा विद्यार्थीले घरमा बसेर समेत पाठ्यपुस्तकहरूको अध्ययन गरी त्यसमा दिइएका अभ्यासहरूको हल गर्दा भाषिक विकास गर्न सहयोगी हुने हुनुपर्दछ ।

भाषा पाठ्यपुस्तकमा विधाको क्षेत्र र क्रमलाई गद्य, रूपक, पद्य र भाषातत्त्वका आधारमा विभाजन गरिएको हुन्छ । विधाभित्र पनि विभिन्न उपविधाहरू समेटिएका हुन्छन् त्यसैका आधारमा भाषिक सीपको ज्ञान दिने किसिमका पाठ्यवस्तु विश्लेषण

गरेर अभ्यासको विश्लेषण गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा समेटिने अभ्यास भाषिक सामग्री र पठनबोधसँग सम्बन्धित हुन्छ । शब्दभण्डार, वाक्यरचना र भाषातत्त्वजस्ता कुराहरू भाषिक सामग्री अन्तर्गत पर्दछन् भने पठनबोध अन्तर्गत पाठमा आधारित विषयवस्तु सम्बन्धी विविध प्रकृतिका प्रश्नोत्तरहरू पर्दछन् । त्यसैगरी व्याख्या, समीक्षा, सारांश र भावार्थ जस्ता अभिव्यक्ति कौशल मापन गर्न अभ्यासको पनि खाँचो पर्दछ । अभ्यास व्याकरणसँग सम्बन्धित हुने भएता पनि तिनको प्रयोग पक्षलाई पाठमा समेत विशेष जोड दिनु आवश्यक छ । अभ्यासहरू पाठ्यक्रमानुकूल हुनुपर्दछ । कथाका पाठहरूमा विवाद वा संवाद लेख्ने अभ्यास राख्नु हुँदैन । कवितामा मौनवाचन र पठनबोध राख्नु उपयुक्त मानिँदैन भने गद्यका पाठहरूमा लयबोध राख्नु उपयुक्त मानिँदैन । उच्चारण, सस्वर वाचन, भाषातत्त्व आदिका अभ्यासहरू सबै पाठमा राख्न सकिन्छ । त्यसैले पाठ्यवस्तुमा अभ्यासलाई विभिन्न कोणबाट प्रस्तुत गरी विद्यार्थीलाई व्यस्त राखी भाषिक सीपमा कुशल बनाउन सकेमात्र भाषा पाठ्यक्रम र पाठ्यपुस्तकका उद्देश्यहरू हासिल गर्न सकिन्छ ।

डिल्लीराम रिमाल (२०५३) द्वारा माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यपुस्तक कक्षा (९ र १०) मा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन शीर्षकमा गरिएको अध्ययन प्रतिवेदनमा नमुना अभ्यासका क्षेत्रमा देखिएका विद्यमान कमीकमजोरीहरूलाई औंल्याउने काम गरेको पाइन्छ ।

गंगा गौतमद्वारा माध्यमिक तहका वर्तमान नेपाली भाषा पाठ्यपुस्तक कक्षा ९ र १० मा प्रयुक्त नमुना अभ्यास एक विश्लेषणात्मक अध्ययन शीर्षक (२०५४) मा गरिएको अध्ययनमा उक्त तहका पाठ्यपुस्तकमा भाषा शिक्षण उद्देश्य अनुरूप, नमुना अभ्यास नभएका भाषिक सीपहरूको रखाइलाई बेवास्ता गरिएको, बोधपक्षलाई गौण र कण्ठाग्रलाई प्रोत्साहन दिएको, व्याकरण शिक्षणमा दिएका अभ्यासहरू अपूर्ण रहेको उल्लेख गरिएको छ ।

मोहनकुमार दाहालले निम्न माध्यमिक तहका नेपाली भाषामा प्रयुक्त नमुना अभ्यासः एक अध्ययन (२०५५) शीर्षकमा शोधकार्य गरेको पाइन्छ । निम्न माध्यमिक तहका नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासलाई आधार बनाएर गरिएको उक्त अध्ययनको निष्कर्षमा अभ्यासहरू व्यावहारिक नभएको, प्रश्नहरूको प्रकृति अनुसार संख्यात्मक अनुपात नमिलेको, विविधता नभएको, व्याकरणात्मक श्रृङ्खला टुटेको,

व्याकरणसम्बन्धी अभ्यास अपूर्ण रहेको, केही अभ्यास विद्यार्थीका क्षमताभन्दा उच्च रहेको, छनोट र स्तरणको ख्याल नगरिएको र भाषिक दृष्टिले कमजोर रहेको निष्कर्ष निकालेको पाइन्छ ।

यशोदा खड्काले स्नातकोत्तर उपाधिका निमित्त कक्षा को हाम्रो नेपाली किताबमा समाविष्ट अभ्यासहरूको विश्लेषण (२०५८) शीर्षकमा शोध कार्य गरेको पाइन्छ । उक्त शोधको निष्कर्षमा विविधताको अभाव, भाषिक सीपमूलक अभ्यासको कमी, विधागत रुपमा सन्तुलित देखिएपनि प्रश्नको छनोटमा ध्यान नपुऱ्याइएको जस्ता कुराहरूलाई औँल्याइएको छ ।

प्रकाश घिमिरेले आफ्नो स्नातकोत्तर तहको उपाधिको निम्ति कक्षा ८को हाम्रो नेपाली किताब र सजिलो नेपाली माला (२०५९) मा समाविष्ट अभ्यासहरूको विश्लेषण शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त निष्कर्षमा विविधताको अभाव, भाषिक सीपमूलक अभ्यासको कमी जस्ता समस्याहरू रहेको देखिन्छ ।

माथि उल्लेखित नमुना अभ्याससम्बन्धी केही अनुसन्धान भएका पाइन्छन् । तर हालसम्म जति अध्ययन भए गरे तापनि ती सबै क्षेत्रका लागि आफैँमा पूर्ण पाइँदैन । भाषा पाठ्यक्रम र पाठ्यपुस्तक, पाठ्यसामग्री बीचको तुलना भए पनि नमुना अभ्यासको मात्र तुलनात्मक अनुसन्धानका लागि सहयोग हुने अपेक्षा राखिन्छ । दुवै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू कुन बढी व्यावहारिक, सबल , विधागत रुपमा सन्तुलित उद्देश्यमूलक र उपयोगी छ भन्ने निष्कर्ष दिने भाएकाले पाठ्यपुस्तक लेखन र सो सम्बन्धी सरोकारवाला व्यक्तिहरू तथा सङ्घसंस्थालाई पनि यस अधययनले सहयोग पुऱ्याउने विश्वास गरिन्छ ।

# अध्याय : तीन

## नमुना अभ्यासको सैद्धान्तिक अवधारणा

### ३.१ परिचय

शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा अभ्यासलाई लिन सकिन्छ । पाठ्यक्रमले अपेक्षा गरे अनुरूप उद्देश्यहरू हासिल भए भएनन् भनेर जाँच्ने माध्यमका रुपमा अभ्यासलाई लिन सकिन्छ । भाषा पाठ्यपुस्तक र अन्य पाठ्यपुस्तकमा निकै भिन्नता पाइन्छ । भाषा पाठ्यपुस्तकमा सीप पक्षलाई महत्त्वपूर्ण मानिएको हुन्छ भने अन्य विषयका पाठ्यपुस्तकमा विषयवस्तुलाई प्रमुख मानिएको हुन्छ । त्यसैले अन्य विषयका तुलनामा भाषा पाठ्यपुस्तकले विशेष सीप पक्षलाई जोड दिएको हुन्छ । पाठ्यक्रमका उद्देश्य अनुरुप तयार पारिएका पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तु र सीप विद्यार्थीको के कति बुझ्न सके भन्ने कुराको जानकारी लिन अभ्यासको सहारा लिनुपर्ने हुन्छ । अन्य विषयमा झैँ भाषा पाठ्यपुस्तकमा अभ्यासको प्रयोग हुनु जरुरी छ । अभ्यास बिना भाषिक सीप प्राप्त हुन सक्दैन । त्यसैले अभ्यासलाई भाषिक सीपको आाधारका रुपमा लिन सकिन्छ । भाषिक सीप अभ्यास र पुनरावृत्तिबाट हासिल गर्न सहज हुन्छ । त्यसैले भाषा पाठ्यपुस्तकमा अभ्यासको सहारा लिइन्छ ।

नेपाली बृहत् शब्दकोषमा अभ्यासलाई कुनै पनि विषयवस्तुमा निरन्तर दोहोऱ्याइ तेहेऱ्याई गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यावहारिक पक्षतिर विशेष रुपमा बारम्बार मेहनत गर्नु भन्ने अर्थमा लिइएको छ । कुनै पनि कुरामा गहिरो धारणा बसाल्न अभ्यासले महत्त्वपूर्ण भूमिका खेल्ने कुरालाई उक्त शब्दार्थबाट पनि स्पष्ट पार्न खोजिएको छ । कक्षा कोठाभित्र जति पनि क्रियाकलाप गरिन्छ, ती सैद्धान्तिक तथा व्यावहारिक दुवै खालका हुने भएपनि सैद्धान्तिक पक्षमा व्यावहारिक ज्ञानको भूमिका अधिक रहने गर्दछ । प्रयोगात्मक, ज्ञानात्मक, धारणात्मक, पहिचानात्मक, परिचयात्मक आदि पक्षको अभिवृद्धि गर्न अभ्यासद्वारा ठूलो सफलता मिल्दछ ।

पाठ्यविषयको सबलीकरण, बोध र नयाँ सामग्रीको प्रयोग एवं सीप विकास गराउन नमुना अभ्यास महत्त्वपूर्ण हुन्छ । नमुना अभ्यासले विद्यार्थीका लागि मार्गदर्शक र

शिक्षकका लागि सहयोगीको भूमिका निर्वाह गर्दछ । भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ)मा सीप अभिवृद्धि गर्न पाठमा दिइएका पाठ्यवस्तु संयोजनले मात्र पूर्णता दिलाउन सकिँदैन । संयोजित विषयवस्तुलाई अझ प्रभावकारी र स्मरणतुल्य बनाउन अभ्यासका महत्त्वपूर्ण योगदान रहेको हुन्छ । अभ्यासमा शिक्षणीय सामग्रीको विकास गर्न आवश्यक क्रियाकलापको साङ्केतिक व्यवस्था गरी सिकाइलाई गतिशील बनाउने उपाय खोजिएको हुन्छ ।

भाषा सिकाइका निम्ति अन्य विषयको जस्तो एकल धारणाले पुग्दैन । त्यसका विषयवस्तुको ज्ञानका साथै भाषिक सीपको ज्ञान पनि दिनुपर्ने भएकाले त्यससँग सम्बन्धित अभ्याहरू पर्याप्त मात्रामा चयन गरिनु पर्दछ । नमुना अभ्यासको छनोट र स्तरण गर्दा पनि विद्यार्थीको क्षमता सुहाउँदो किसिमले सरलबाट जटिलतिर जानुपर्दछ । कतिपय अवस्थामा शिक्षकको अनुपस्थितिमा विद्यार्थीले घरमा बसेर समेत पाठ्यवस्तुको अध्ययन गरी त्यसमा दिइएका अभ्यासहरूको हल गर्दा भाषिक विकास गर्न सहयोगी हुने गर्दछ ।

भाषा पाठ्यपुस्तकमा विधाको क्षेत्र र क्रमलाई गद्य, रुपक र भाषातत्त्वका आधारमा विभाजन गरिएको हुन्छ । विधाभित्र पनि विभिन्न उपविधाहरू समेटिएका हुन्छन् । त्यसैका आधारमा भाषिक सीपको ज्ञान दिने किसिमका पाठ्यवस्तु विश्लेषण गरेर अभ्यासको विश्लेषण गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा समेटिने अभ्यास भाषिक सामग्री र पठनबोधसँग सम्बन्धित हुन्छ । शब्दभण्डार, वाक्यरचना र भाषातत्त्वजस्ता कुराहरू भाषिक सामग्री अन्तर्गत पर्दछन् भने पठनबोध अन्तर्गत पाठमा आधारित विषयवस्तु सम्बन्धी विविध प्रकृतिका प्रश्नोत्तरहरू पर्दछन् । त्यसैगरी व्याख्या, समीक्षा, सारांश र भावार्थ जस्ता अभिव्यक्ति कौशलमा मापन गर्न अभ्यासको खाँचो पर्दछ । भाषातत्त्वसम्बन्धी अभ्यास व्याकरणसँग सम्बन्धित हुने भएता पनि तिनको प्रयोग पक्षलाई पनि पाठमा समेत जोड दिनु आवश्यक छ । अभ्यासहरू पाठअनुकूल हुनुपर्दछ । कथाका पाठहरूमा वादविवाद र संवाद लेख्ने अभ्यास राख्नु हुँदैन । कवितामा मौनवाचन र पठनबोध राख्नु उपयुक्त मानिँदैन भने गद्यका पाठहरूमा लयबोध राख्नु उपयुक्त मानिँदैन । उच्चारण, सस्वरवाचन, भाषातत्त्व आदिका अभ्यासहरू सबै पाठमा

राख्न सकिन्छ । त्यसैले पाठ्यवस्तुमा अभ्यासहरूलाई विभिन्न कोणबाट प्रस्तुत गरी विद्यार्थीलाई व्यस्त राखी भाषिक सीपमा कुशल बनाउन सकेमात्र भाषा पाठ्यक्रम पाठ्यवस्तुका उद्देश्यहरू हासिल गर्न सकिन्छ ।

### ३.२ भाषा शिक्षणमा नमुना अभ्यासको महत्त्व

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य परिपूर्तिका निम्ति विषयवस्तुका रुपमा सबैभन्दा महत्त्वपूर्ण साधनको भूमिका पाठ्यपुस्तकले खेलेको हुन्छ । हाम्रो जस्तो अविकसित मुलुकमा पाठ्यपुस्तक नै पाठ्यक्रमको सफलताको माध्यम हो । उद्देश्य, विषयवस्तु शिक्षणविधि र मूल्याङ्कन पाठ्यक्रमका तत्त्व हुन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू परिपूर्तिका लागि बालबालिकाको रुचिलाई मध्यनजर गर्दै उपयुक्त र स्तरीय विषयवस्तुको छनोट गरिन्छ । उक्त विषयवस्तुको रुचिपूर्ण ढङ्गबाट बालबालिकासम्म पुऱ्याउन सरल सरस सहज र मिठासपूर्ण शिक्षणविधिको खाँचो पर्दछ भने मूल्याङ्कनले उपलब्ध विषयवस्तु सही रुपमा पाठ्यक्रमको उद्देश्य पूर्ति हने तरिकाले हुन सक्यो/सकेन तोकिए अनुसार सिकाइ उपलब्धि हासिल हुन सक्यो /सकेन भन्नेजस्ता जिज्ञासाको उत्तर दिनहुँजसो पाठ्यक्रममा निहित उल्लिखित तत्त्वहरू एक आपसमा अन्तर्सम्बन्धित छन् ।

विषयवस्तुका माध्यमबाट भाषिक सीप र भाषातत्त्वको सिकाइ उपलब्धि हासिल गर्नु भाषशिक्षण हो । कथा, कविता, निबन्ध एवम् पाठ्यवस्तुभित्र समेटिएका अरू विधाहरूको भाषिक सीपको विकास तथा भाषा तत्त्वको सुगठित उपयोग गर्न सक्ने मात्र बनाउँछ । विषयवस्तुमा टेकेर भाषाशिक्षणको सफलताको लागि नुमना अभ्यासले विद्यार्थीको वर्गीकरण, कठिनाइको पहिचान गर्न, स्तरीकरण गर्न, रुचि, ज्ञान, सीप, दक्षता आदि पत्ता लगाउन समेत शिक्षकलाई भरपुर निर्देशन र सहयोग गर्दै विद्यार्थीमा भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को लागि सक्षमता अभिव्यक्तिमा ओजपूर्णता, प्रस्तुतिमा मिठास एवम् तार्किकता र साहित्यमा समेत निखारता ल्याइ सिर्जनशील क्षमताको विकास गर्दछ । यस्तै परिचयात्मक धारणात्मक र पहिचानात्मक क्षमताको विकास हुने भएकाले भाषशिक्षणमा अभ्यासको महत्त्व अधिक रहेको हुन्छ ।

निर्माणात्मक मूल्याङ्कनको अभीष्ट र प्रभावकारी अङ्गका रुपमा नमुना अभ्यासलाई लिइन्छ । निर्माणात्मक मूल्याङ्कनले मात्र भाषा शिक्षणबाट पाठ्यक्रम निर्दिष्ट गरेका भाषिक उद्देश्य हासिल गर्न मार्ग प्रशस्त गर्दछ । त्यसैले नमुना अभ्यास निर्माणात्मक मूल्याङ्कनको प्रमुख औजार हो । शिक्षार्थीको ज्ञान, सीप र धारणाको विकास गर्न, स्तर पहिचान गर्न, रुचिपूर्ण शिक्षण सिकाइ गर्न, निर्माणात्मक मूल्याङ्कन गर्न र सुधारका लागि नमुना अभ्यासको महत्त्व रहेको छ ।

### ३.३ नमुना अभ्यासमा समावेश गरिने प्रश्नका किसिम

भाषा शिक्षण भनेको भाषाको ज्ञान हुनु हो । भाषाको प्रयोग गर्ने क्षमता बढाउनु हो । भाषिक मूल्याङ्कन गर्न तयार गरिएको अभ्यासले मूलतः भाषा पाठ्यक्रममा निर्धारित उद्देश्य प्रांप्त हुन सक्यो कि सकेन भन्ने कुराको निर्क्योल गर्दछ । भाषापाठ्यपुस्तकमा नमुना अभ्यासका लागि समावेश गरिने प्रश्नहरूलाई विभिन्न किसिमबाट विभाजन गर्न सकिन्छ ।

### ३.३.१ मूल्याङ्कनात्मक र अभ्यासात्मक प्रश्न

यस अनुसार हेर्दा नमुना अभ्यास मूल्याङ्कनात्मक र अभ्यासात्मक गरी दुई प्रकारका हुन्छन् । भाषिक क्षमता मापन गर्न उपयोग गरिने प्रश्नहरू मूल्याङ्कनात्मक हुन्छन् भने भाषाको विविध पक्षको प्रयोग, पुनः प्रयोग जस्ता प्रयासद्वारा सिकेका कुरालाई सबलीकरण गर्न उपयोग गरिने प्रश्नहरू अभ्यासात्मक हुन्छन् । मूल्याङ्कनात्मक प्रश्नको उद्देश्य निर्धारित मापदण्डको आधारमा कुनै विद्यार्थीलाई उच्च तहमा पुऱ्याउने वा नपुऱ्याउने भन्ने कुराको निर्क्योल गर्नु हुन्छ भने अभ्यासात्मक प्रश्नहरूले निरन्तररुपमा विद्यार्थीको भाषिक सीप अभिवृद्धिमा मद्दत पुऱ्याइरहेको हुन्छ । यस शोध अध्ययनमा भने अभ्यासात्मक प्रश्नहरूको मात्र विश्लेषण गरिएको छ ।

### ३.३.२ विषयवस्तुमा आधारित प्रश्न

भाषा शिषणमा विषयवस्तुको ज्ञानलाई भन्दा भाषिक सीपमा बढी जोड दिइन्छ । पाठमा दिइने विचार, सूचना वा घटनालाई तह अनुसार व्यवस्थित र सन्तुति गरेर राख्न विषयवस्तुको जरुरत पर्दछ । भाषाका विषयमा प्रश्न निर्माण गर्दा विषयवस्तुबाट

विमुख भएर गर्न सकिँदेन । बरु त्यसैका आधारमा भाषिक सीप हासिल हुने किसिमका अभ्यासको रचना गरिन्छ । खास गरी बोध, विवेचना, तर्कपूर्ण अभिव्यक्ति, व्याख्या, समीक्षा, सार, भावार्थ, सिर्जना, रचना जस्ता कुराहरूको अभ्यास विषयवस्तुको आधारमा गराउनुपर्दछ । विषयवस्तुका आाधारमा निर्माण गरिने प्रश्नहरू बोधमा भए वस्तुगत र विषयगत अनि अभिव्यक्तिमा भए विषयगत वा निबन्धात्मक हुन्छन् ।

### ३.३.३ भाषिक सीपमा आधारित प्रश्न

भाषिक सीपसँग सम्बन्धित प्रश्नहरूको मौखिक र लिखित अभिव्यक्तिसँग सम्बन्धित विभिन्न पक्षहरूको प्रतिनिधित्व गर्दछन् । यस्ता प्रश्नहरूको प्रस्तुतिको आधार विषयवस्तु हुने भए तापनि शिक्षार्थीका लक्ष्यचाहिँ भाषिक सीप नै रहेको हुन्छ । नमुना अभ्यासको निर्माण गर्दा भाषिक सीपलाई सन्तुलित रुपमा समावेश गर्नुपर्दछ । पाठ्यपुस्तकमा नमुना अभ्यासको तर्जुमा गर्दा तल्लो कक्षामा मौखिक सीपमा आधारित प्रश्नलाई जोड दिनुपर्दछ भने माथिल्लो कक्षामा लिखित सीपमा आधारित प्रश्नहरूलाई बढी स्थान दिनुपर्दछ । यद्यपि भाषिक सीपका सबै एकाइहरूलाई विद्यार्थीको तह र स्तर अनुकूल साथसाथै लैजानु सान्दर्भिक ठहर्छ ।

## ३.४ प्रश्नको स्वरुप

भाषा पाठ्यपुस्तकमा समावेश गरिएका भाषिक सीपको प्रकृतिका आधारमा एउटै पाठमा विविध किसिमका प्रश्नहरू समावेश गरिएका हुन्छन् । त्यसमा विषयगत र वस्तुगत गरी मुख्यतः दुई किसिमका प्रश्नहरू हुन्छन् । शिक्षण सिकाइ क्रियाकलापलाई उद्देश्यमूलक ढङ्गले अगाडि बढाउन विषयवस्तुलाई विभिन्न तरिकाले बोध गर्न यस्ता प्रश्नले मद्दत पुऱ्याउन सक्छन् । सामान्यतः पाठ्यपुस्तकमा समाविष्ट हुने नमुना अभ्यासको लागि उपयोगी ठानिएका प्रश्नहरू निम्नप्रकार छन् :

(क) विषयगत प्रश्न

(ख) वस्तुगत प्रश्न

### ३.४.१ विषयगत प्रश्न

कुनै पनि प्रश्नको उत्तरमा विद्यार्थीको आफ्नो मौलिक विचार र स्वतन्त्र अभिव्यक्ति समेत गरी लामो वा छोटो उत्तर लेख्ने किसिमका प्रश्नलाई विषयगत प्रश्न भनिन्छ । विषयगत प्रश्नहरू निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक गरी दुई प्रकारका हुन्छन् । निबन्धात्मक प्रश्नमा विद्यार्थीको आफ्नो मौलिक विचारहरूको स्वतन्त्ररुपमा अभिव्यक्त गर्न पाउने अवस्था विद्यमान रहन्छ । यस प्रकारको प्रश्नले प्रभावकारी र सिर्जनात्मक अभिव्यक्ति गर्न भाषिक क्षमता, तुलनात्मक अभिव्यक्ति क्षमता, स्वतन्त्र अभिव्यक्ति क्षमता, सारांश लेख्ने र विषयवस्तुको प्रासङ्गिकता आदिको परीक्षण गर्न सकिन्छ ।

सङ्क्षिप्त उत्तरात्मक प्रश्न छोटो, तथ्यपूर्ण र सरलरुपमा उत्तर लेख्ने प्रकृतिको हुन्छ । संक्षिप्त उत्तरात्मक प्रश्न अन्तर्गत कुनै भाषिक तत्त्व वा साहित्य सिद्धान्तको परिभाषा दिने, उदाहरण, बताउने, फरक छुट्याउने, परिचय दिने, सूची बनाउने र कारण दिने जस्ता भेदकहरू राखेर निर्माण गर्न सकिन्छ ।

### ३.४.२ वस्तुगत प्रश्न

सामान्यतया प्रश्नपत्रमा नै चिन्ह लगाउने वा लेख्नुपर्ने भएपनि एकदुई शब्दमा आउने प्रश्नलाई वस्तुगत प्रश्न भनिन्छ । वस्तुगत प्रश्नका माध्यमबाट एक पटकमा एउटा भाषिक सीपको परीक्षण हुन्छ । वस्तुगत प्रश्नको उपयोग मूलतः भाषिक मूल्याङ्कनका रुपमा बोध, उच्चारण, शब्दार्थ, शब्द प्रयोग, वर्णविन्यास र व्याकरण तत्त्वहरूको क्षमता पहिचान गर्न उपयोग गरिन्छ । वस्तुगत प्रश्न खाली ठाउँ भर्ने, जोडा मिलाउने र ठीक बेठीक छुट्याउने र बहुवैकल्पिक गरी चार प्रकारका हुन्छन् ।

## ३.५ प्रश्नको प्रकृति

सिकाइ प्रकृतिका आधारमा प्रश्नलाई चार प्रकारबाट हेर्न सकिन्छ । जस अन्तर्गत स्मरणात्मक प्रश्नहरू शिक्षार्थीहरूले आर्जन गरेको ज्ञानलाई चाहिएको अवस्थामा पुनः स्मरण गर्नुसँग मात्र सम्बन्ध राख्दछ । पहिले आर्जन गरेको ज्ञानको केवल स्मरण गर्ने उद्देश्य यस्ता प्रश्नहरूमा निहित रहेको हुन्छ ।

दोस्रो प्रकृतिका प्रश्नमा विकासात्मक वा सिर्जनात्मक प्रश्न पर्दछन् । यस्ता प्रश्नहरूको अपेक्षा आर्जन गरेको ज्ञानलाई केवल स्मरण गर्नु मात्र नभई त्यसलाई आफ्नो मौलिक चिन्तन वा अनुभवसमेत थपी उत्तर दिनु रहेको हुन्छ । यस्ता प्रश्नहरू विद्यार्थीको निजी विचार तथा भाषासँग गाँसिएका हुन्छन् । ती निष्कर्षात्मक तथा निदानात्मक प्रश्नहरू पनि यसै श्रेणीमा पर्दछन् । भाषा शिक्षण एक जटिल प्रक्रिया भएका कारण सीपमुखी प्रश्न होस् वा विषयवस्तुमुखी प्रश्न होस् ती सबैमा अभ्यासगत विविधता हुनु जरुरी छ । विभिन्न कोणबाट गरिएको भाषिक अभ्यासबाट भाषिक सीपमा दक्षता हासिल गर्न सक्छ । तसर्थ भाषाको एकै प्रकारले मात्र अभ्यास गरेर दक्षता हासिल गर्न खोज्नु असम्भव हुन्छ । त्यसैले विभिन्न आयामबाट प्रयोग भएमा भाषिक विषयवस्तुका साथै भाषिक सीपको विकास गर्न सकिन्छ ।

# अध्याय : चार

## व्याख्या तथा विश्लेषण

### ४.१ परिचय

निम्न माध्यमिक तहको कक्षा छमा नेपाली शिक्षाको मूल उद्देश्य विद्यार्थीहरूमा नेपाली भाषाको बोध र अभिव्यक्ति क्षमताको विकास गराउनु हो । यसका लागि अभ्यासको आवश्यकता पर्दछ । यस अध्यायमा असल पाठ्यपुस्तकमा हुनुपर्ने नमुना अभ्यासका विशेषताहरूका आधारमा ६ कक्षामा सम्बद्ध पाठ्यपुस्तकहरूका पाठहरूमा समावेश गरिएका नमुना अभ्यासहरूको विषयवस्तुलाई विश्लेषण विधि अपनाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

अभ्यासहरूको व्याख्या, विश्लेषण सर्वप्रथम शब्दार्थबाट प्रारम्भ गरिएको छ । बोधगम्यताका दृष्टिले कठिन ठहरिएका शब्दहरूलाई पाठका अन्तमा शब्दार्थ वा शब्दको अर्थ शीर्षक अन्तर्गत राखिएको पाइन्छ । ती शब्दार्थको विवरण शब्दमा दिइएको अर्थका आधारमा तयार पारिएको छ । जसका लागि शब्दमा दिइएका अर्थलाई पर्यायवाची, पारिभाषिक, प्राविधिक, अनेकार्थक, अनुकरणात्मक र उखानटुक्का आदिमा विभाजन गरिएको छ ।

जस्तै : पर्यायावाची - अविनाशी - नाश नहुने (‘हाम्रो नेपाली किताब’, पृष्ठ १)

पारिभाषिक- खाद्य पदार्थ - खाइने चीज (ऐजन : ४७)

प्राविधिक - प्राङ्गारिक - पतिँगर, खाडलमा कुहाएर बनाइएको (ऐजन)

अनेकार्थ - टीकाटिप्पणी - कुराकानी, चर्चा परिचर्चा आलोचना

(‘हाम्रो नेपाली किताब’, पृष्ठ ५३)

उखानटुक्का - झाँको झार्नु - बेस्मारी हकारेर टुङ्गामा ल्याउनु

(‘रसिलो नेपाली’, पृष्ठ : ८७)

पाठका अन्य अभ्यासहरूको व्याख्या एवम् विश्लेषण गर्दा विधागत विषयवस्तु अन्तर्गत अभ्यास, भाषिक सीपसँग सम्बन्धित अभ्यास व्याकरणसँग सम्बन्धित अभ्यास र

शब्दभण्डारसँग सम्बन्धित अभ्यासको छुट्टाछुट्टै शीर्षक एवम् उपशीर्षक कायम गरिएको छ ।

विधागत विषयवस्तुमा आधारित अभ्यासहरूको विश्लेषण गर्दा प्रश्नहरूको तहमा कण्ठस्थ, बोध, प्रयोग, उच्च दक्षता जस्ता कुरालाई आधार मानिएको छ । पाठमा दिइएको विधागत विषयवस्तु घोकेर वा कण्ठ गरेर प्रश्नको उत्तर दिनुपर्ने किसिमका अभ्यासलाई कण्ठस्थ अन्तर्गत राखिएको छ ।

जस्तै :

गौतम बुद्धको जन्म कहिले भएको थियो ? ('हाम्रो नेपाली किताब', पृष्ठ २९)

लुइ पाश्चरले गरेका मुख्य मुख्य कामहरू के के हुन् ?('हाम्रो नेपाली किताब',पृष्ठ ९०)

ग्यालिलियोको प्रसिद्ध पुस्तकको नाम के हो ? ('रसिलो नेपाली', पृष्ठ ५५)

हिंस्रक माछाहरू कहाँ बस्थे ? ('रसिलो नेपाली', पृष्ठ ५०)

यस्तै दिइएको पाठलाई ध्यानपूर्वक पढेर, बुझेर सोधिएका प्रश्नको जवाफ दिने किसिमका अभ्यासलाई बोधसँग सम्बन्धित अभ्यास अन्तर्गत राखिएको छ । यस क्रियाकपालबाट विद्यार्थीमा बुझ्ने र पढ्ने बानीको विकास गराउन सकिन्छ ।

जस्तै :

परोपकार भनेको के हो ? ('रसिलो नेपाली', पृष्ठ ११)

भूकम्पको नाम किन भूकम्प राखिएको हो ? (ऐजन, पृष्ठ २२)

भिक्षुको जीवनीबाट कस्तो प्रेरणा पाउन सकिन्छ ?('हाम्रो नेपाली किताब', पृष्ठ २९)

प्राङ्गारिक मल कसरी बनाइन्छ ? (ऐजन, पृष्ठ ४०)

प्रयोगात्मक प्रश्नहरूका आधारमा पनि अभ्यासलाई विश्लेषण गरिएको छ । कतिपय प्रश्नहरू विषयगत नभई वस्तुगत किसिमका पनि हुन्छन् । उदाहरण स्वरुप जोडा मिलाउने, ठीक बेठीक छुट्याउने, वाक्यमा प्रयोग गर्ने, खाली ठाउँ भर्ने, बहुवैकल्पिक आदि अभ्यासमा यस्ता प्रश्नहरूलाई विद्यार्थीले प्रयोगात्मक तवरबाट समाधान गर्नुपर्छ ।

यसबाट विद्यार्थीहरूमा खोजेर लेख्ने बानीको विकास हुनाका साथै धारणा बसाल्न पनि सहयोग पुग्दछ । जस्तै :

शब्द र अर्थको जोडा मिलाऊ :

| | |
|---|---|
| मुन्टो | हिम्मत |
| चाला | संयोग |
| अजङ्गको | टाउको |
| आँट | कोप्चेरो |
| सन्जोग | तरिका |
| गप्चेरो | ठूलो |

('रसिलो नेपाली', पृष्ठ १६)

अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

विद्या, सम्बन्ध, चर्चित, सुरक्षित, फरर्र, (हामो नेपाली किताब, पृष्ठ १२)

ठीक उत्तरमा ठीक चिन्ह लगाऊ :

(क) रेल कस्तो साधन हो ?

(अ) यातायातको (आ) संचारको (इ) कम्प्युटरको

(ख) दार्जिलिङ कुन देशमा पर्छ ?

(अ) नेपालमा (आ) भारतमा (इ) बङ्गलादेशमा

('रसिलो नेपाली' किताब, पृष्ठ ८१)

विधागत विषयवस्तुमा आधारित अभ्यासमा उच्च दक्षता रहेका प्रश्नहरू पनि समाविष्ट छन् ती उच्च दक्षताहरू अभ्यासका माध्यमबाट विद्यार्थीहरूमा सिर्जनशील क्षमताको

अभिवृद्धि गराउन सकिन्छ । यसमा विद्यार्थीहरूको क्षमता मिठासको निमित्त स्वतन्त्र लेखन जस्ता प्रश्नहरू पनि समावेश गरिएको पाइन्छ । जस्तै :

(क) तिमी पनि कुनै एउटा तिमीले सुनेको भूतको कथा लेखेर देखाऊ ।

('रसिलो नेपाली', पृष्ठ ११४)

(ख) हिमालको सुन्दरता भन्ने शीर्षकमा भावनामा रमाई एउटा सानो प्रबन्ध लेखी शिक्षकलाई देखाऊ : ('हाम्रो नेपाली किताब', पृष्ठ ११५)

व्याकरण सम्बन्धी अभ्यासको विश्लेषण गर्दा भने अभ्यासमा दिइएका प्रश्नहरूलाई परिचयात्मक, धारणात्मक, पहिचानात्मक र प्रयोगात्मक गरी चार भागमा विभाजन गरिएको छ । अभ्यासमा दिइएका व्याकरणिक प्रश्नहरूको उत्तर दिँदा चिनारी वा जनाउ दिँदा मात्र पुग्ने किसिमका समस्यालाई परिचयात्मक अन्तर्गत समावेश गरिएको छ । यसमा आगमनात्मक र निगमनात्मक प्रश्नहरू रहेका छन् । जस्तै :

१. उदाहरण सहित वर्तमानकालको परिचय देऊ : (हाम्रो नेपाली किताब, पृष्ठ ५१)

तलका वाक्यहरू कुन कालका हुन् छुट्याऊ :

(क) म खाँदैछु । (ख) मैले खाएको थिएँ ।

(ग) म खेल्दैछु । (घ) उनीहरू गएका छन् ।

(ङ) उनीहरू पढ्दै थिए । (च) त्यो गएको हुनेछ। ('रसिलो नेपाली', पृष्ठ ८२)

प्रयोगात्मक विद्यार्थी आफैलाई व्याकरणिक नियम एवम् अभ्यासहरूलाई प्रयोग गरेर देखाउन भनिएका प्रश्नहरू समावेश गरिएका छन् । यपस अन्तर्गत खाली ठाउँ भर्ने, वाक्यमा प्रयोग गर्ने जस्ता प्रश्नलाई स्थान दिइएको छ । जस्तै :

(क) सर्वनाम शब्द राखी ठाउँ पूरा गर :

अ) नेपाल .................. सबैको साझा फूलबारी हो ।

आ) गुरुले रीता, सीता र ........... आफ्नो पाठ पढ भन्नुभयो ।

इ) जसलाई जे मन लाग्यो .......... गर्नाले घर भाँडिन्छ । ('हाम्रो नेपाली किताब', पृ.८६)

(ख) दोहोरिएका नामका ठाउँमा सर्वनामको प्रयोग गर :

अ) हाम्रो घरमा कैली गाई छ । कैली गाईले धेरै दूध दिन्छ ।

आ) महाभारत महत्त्वपूर्ण ग्रन्थ हो । महाभारतका लेखक व्यास हुन् ।

('हाम्रो नेपाली किताब', पृ.८७)

पहिचानात्मकतर्फ व्याकरणिक अभ्यासमा समावेश गरिएका सम्बन्धित नियमका आधारमा छुट्याउन लगाइएका प्रश्नहरूलाई समावेश गरिएको छ । जस्तै :

(क) तिमी पनि दसओटा अनुकरणात्मक शब्द आफै लेख । ('रसिलो नेपाली', पृ.८२)

(ख) स्त्रीलिङ्गमा परिवर्तन गर :

| | |
|---|---|
| मिर्ग | बाँदर |
| जोगी | कुकुर |
| साधु | देव |
| बाघ | महादेव |

('रसिलो नेपाली', पृ. ९०)

भाषिक सीपसँग सम्बन्धित अभ्यासको विश्लेषण गर्दा भाषाका चारओटा सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइहरूलाई नै वर्गीकरणको आधार मानिएको छ । जस्तै :

(क) तिमीले जानेसुनेको शिक्षाप्रद कथा शिक्षकलाई सुनाऊः

('हाम्रो नेपाली किताब', पृ. १२)

(ख) सुन्दर गीत गाउँ कविता कक्षामा लय हालेर पढ : ('रसिलो नेपाली', पृ.४)

(ग) भानुभक्त श्रद्धाञ्जली कवितामा भनिएका कुराहरूलाई बोलचालको शैलीमा लेख :

('हाम्रो नेपाली किताब', पृ. ३५)

(घ) शिक्षकले भनेको कुरा सुनेर लेख :

तारासारा

नाथसाथ

दाताविधाता

टम्मसम्म प्राणीमात्र करुणापात्र, करुणाधारी

पालनकारी, अपरम्पार, संसार ('हाम्रो नेपाली किताब', पृ. ४)

शब्दभण्डारसँग सम्बन्धित अभ्यासको विश्लेषण गर्दा पाठ्यक्रमको निर्धारण गरिएका शब्दभण्डारका किसिमलाई नै वर्गीकरणको आधार मानिएको छ । यस अनुसार शब्दहरूलाई पर्यायवाची, विपरीतार्थी, अनेकार्थक, पारिभाषिक, प्राविधिक, श्रुतिसमभिन्नार्थक, अनुकरणात्मक आदि समूहमा राखिएको गरिएको छ ।

## ४.२ 'हाम्रो नेपाली किताब' कक्षा ६ मा प्रयुक्त नमुना अभ्यासहरूको व्याख्या तथा विश्लेषण :

"हाम्रो नेपाली किताब" कक्षा ६को आधिकारिक नेपाली भाषा पाठ्यपुस्तक हो । यसको उपयोग सामुदायिक विद्यालयहरूमा अनिवार्य रुपमा र संस्थागत विद्यालयहरूमा समेत आंशिक रुपमा प्रयोग भइरहेको पाइन्छ । यस पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको विश्लेषण निम्नानुसार गरिएको छ ।

### ४.२.१. शब्दार्थको व्याख्या तथा विश्लेषणः

**तालिका सङ्ख्या १**

| क्र.स | शब्दको किसिम | शब्द सङख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्यायवाची | १८५ | ५३.३१ |
| २ | पारिभाषिक/ प्राविधिक | १२० | ३४.५८ |
| ३ | अनेकार्थक | १ | ०.२८ |
| ४ | अनुकरणात्मक | २४ | ६.९१ |
| ५ | उखानटुक्का | १७ | ४.८९ |
| | जम्मा | ३४७ | १०० |

प्रस्तुत तालिका उल्लेख भए अनुसार कक्षा ६ को 'हाम्रो नेपाली किताब'मा समाविष्ट २२ वटा पाठको अन्तमा दिइएका कठिन शब्दार्थको सूचीमा जम्मा ३४७ वटा शब्दहरू समावेश छन् ती शब्दहरूको पर्यायवाची, पारिभाषिक, अनेकार्थ, अनुकरणात्मक र उखानटुक्काको समूहमा विभाजन गरेर पर्यायवाची १८५ ओटा अर्थात् ५३.३१%, पारिभाषिक/ प्राविधिकतर्फ १२० ओटा अर्थात् ३४.५८%, अनेकार्थीतर्फ १ अर्थात् ०.२८%, अनुकरणात्मकतर्फ २४ अर्थात् ६.९१%, उखानटुक्कातर्फ १७ अर्थात् ४.८९% अभ्यासहरू रहेका छन् जसबाट के स्पष्ट हुन्छ भने पाठगत रुपमा समाविष्ट कठिन शब्दहरूमध्ये सबै भन्दा कम हिस्सा अनेकार्थसँग सम्बन्धित शब्द रहेको पाइन्छ । पारिभाषिक पछि पर्यायवाची शब्दको स्थान अगाडि रहेको देखिन्छ भने अन्य किसिमका शब्दहरू न्यून रहेको पाइन्छ ।

### ४.२.२. विधासम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण:

**तालिका सङख्या २: अभ्यासहरूको विधागत तथा तहगत विवरण**

| क.स. | विधा | कण्ठस्थ | बोध | प्रयोग | सिर्जनात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कथा | | १३ | ३१ | ११ | ५५ | २२.५४ |
| २ | कविता | ४ | १६ | ३२ | ५ | ५७ | २३.३६ |
| ३ | निबन्ध/प्रबन्ध | | ११ | ३९ | १३ | ६३ | २५.८१ |
| ४ | संवाद | | ३ | ७ | २ | १२ | ४.९१ |
| ५ | जीवनी | | ८ | २६ | ११ | ४५ | १८.४४ |
| ६ | चिठी | | १ | ८ | ३ | १२ | ४.९१ |
| | जम्मा | ४ | ५२ | १४३ | ४५ | २४४ | |
| | प्रतिशत | १.३९ | २१.३१ | ५८.६० | १८.४४ | | १०० |

कक्षा ६ को "हाम्रो नेपाली किताब" मा कथा, कविता, जीवनी, रुपक, र चिठी जस्ता विधागत पाठहरू समाविष्ट छन् । माथिको तालिका अनुसार विधागत पाठहरूलाई हेर्दा कथा ५, निबन्ध/प्रबन्ध ५, कविता ४, जीवनी ४, रुपक २, र चिठ्ठी २ गरी जम्मा २२ ओटा पाठहरू समावेश गरिएको छ । ती पाठहरूमा दिइएका नमुना अभ्यासलाई कण्ठस्थ, बोध, प्रयोग, सिर्जनात्मक जस्ता तहगत आधारमा विश्लेषण गर्दा कथा विधामा कण्ठस्थतर्फ एउटा पनि नरहेको, बोधतर्फ १३, प्रयोगतर्फ ३१, सिजर्नात्मकतर्फ ११ गरी जम्मा ५५ ओटा अर्थात् २२.५४% अभ्याहरू समावेश छन् । कथा विधामा प्रयोग प्रयोग पक्षलाई बढी जोड दिइएको र कण्ठस्थलाई कुनै स्थान नदिएको पाइन्छ ।

कविता विधा अर्न्तगत कण्ठस्थतर्फ ४, बोधतर्फ १६, प्रयोगतर्फ ३२, सिर्जनात्मकतर्फ ५ गरी जम्मा ५७ ओटा अर्थात् २३.३६% अभ्यासहरू समावेश गरिएको छ । यहाँ कीता विधाको तहगत विश्लेषण गर्दा प्रयोगतर्फको अभ्यासलाई बढी महत्त्व दिइएको पाइन्छ भने कण्ठस्थतर्फका अभ्यासलाई कम जोड दिइएको पाइन्छ ।

निबन्ध/ प्रबन्ध विधा अर्न्तगत कण्ठस्थतर्फ ०, बोधतर्फ ११, प्रयोगात्मकतर्फ ३९, सिर्जनात्मकतर्फ १३, गरी जम्मा ६३ ओतटा अर्थात् २५.८१% अभ्यासहरू समावेश

गरिएको पाइन्छ । यस तथ्यलाई हेर्दा प्रयोगात्मकतर्फका अभ्यासलाई बढी जोड दिइएको, बोधतर्फका अभ्यासलाई कम जोड र कण्ठस्थतर्फका अभ्यासलाई कुनै पनि स्थान नदिइएको पाइन्छ ।

संवाद विधा अर्न्तगत कण्ठस्थतर्फ ०, बोधतर्फ ३, प्रयोगात्मकतर्फ ७, सिर्जनात्मकतर्फ २ गरी जम्मा १२ अर्थात् ४.९१%, अभ्यासहरू समावेश गरिएको पाइन्छ । यस तथ्यलाई हेर्दा संवाद विधा अर्न्तगत सबैभन्दा बढी प्रयोगात्मक अभ्यासलाई जोड दिइएको र कण्ठस्थतर्फ कुनै पनि स्थान नदिइएको पाइन्छ ।

जीवनी विधा अर्न्तगत कण्ठस्थतर्फ ०, बोधतर्फ ८, प्रयोगात्मकतर्फ २६, सर्जनात्मकतर्फ ११ गरी जम्मा ४५ ओटा अर्थात् १८.४४% अभ्यासहरू समावेश गरीएको पाइन्छ । यस तथ्यलाई नियाल्दा प्रयोगात्मक तर्फ सबै भन्दा बढी जोड दिइएको छ भने कण्ठस्थतर्फ कुनै पनि स्थान नदिइएको पाइन्छ ।

चिठी विधा अर्न्तगत कण्ठस्थतर्फ ०, बोधतर्फ १, प्रयोगात्मकतर्फ ८, सिर्जनात्मकतर्फ ३ गरी जम्मा १२ ओटा अर्थात् ४.९१% अभ्यासहरू समावेश छन् । यस तथ्यलाई नियाल्दा सबैभन्दा बढी जोड प्रयोगात्मकतर्फ दिइएको पाइन्छ भने कण्ठस्थतर्फ कुनै पनि अभ्यासहरू समावेश गरिएको छैन ।

तहगत वितरणका आधारमा हेर्दा अभ्यासमा कण्ठस्थतर्फ जम्मा ४ अर्थात् १.३९%। बोधतर्फ जम्मा ५२ अर्थात् २१.३१%, प्रयोगात्मकतर्फ जम्मा १४३ अर्थात् ५८.६०%, सिर्जनात्मकतर्फ ४५ अर्थात् जम्मा १८.४४% अभ्यासहरू अर्थात् जम्मा २४४ ओटा अभ्यासहरू समावेश गरिएका छन् । यसरी हेर्दा प्रयोगात्मकतर्फ सबैभन्दा बढी र कण्ठस्थतर्फ सबैभन्दा कम जोड दिइएको पाइन्छ । प्रयोगात्मक अभ्यासलाई बढी महत्त्व दिई अभ्यासमा समावेश गरिएको छ । कण्ठस्थ गर्ने अभ्यासहरूले विद्यार्थीमा प्रयोग गरेर धारणाको विकास गर्ने भन्दा पनि सतही रुपमा मुख्य कुरा कण्ठ गर्ने बानी गराउने, प्रयोगात्मक अभ्यासहरूले दिगो धारणा निमार्ण गर्न सघाउ पुऱ्याउने हँदा तह अनुसारका कक्षाहरूमा यस्ता अभ्यासहरू राखिएपनि कुनै कुनै विषयवस्तु कण्ठ गरेर मात्र बुझिने हुनाले त्यस्ता खालका अभ्यासहरू पनि समावेश गर्दा उचित हुने देखिन्छ ।

### ४.२.३. व्याकरण सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण:

**तालिका सङख्या ३: व्याकरण सम्बन्धी अभ्यासको शीर्षगत विवरण:**

| क्र.स. | व्याकरण | परिचयात्मक | प्रधारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | पदसङ्गती | ५ | ७ | ८ | ४ | २४ | १४.६३ |
| २ | वर्णविन्यास | १ | ३ | १ | १ | ६ | ३.६५ |
| ३ | काल | ३ | ६ | ४ | ४ | १७ | १०.३६ |
| ४ | पक्ष | २ | ४ | ६ | ३ | १५ | ९.१४ |
| ५ | अर्थ/भाव | | | | ३ | ३ | १.८२ |
| ६ | वाक्यपरिवर्तन | १ | ३ | २ | ३ | ९ | ५.४८ |
| ७ | क्रियापद | १ | ३ | २ | ७ | १३ | ७.९२ |
| ८ | शब्दबर्ग | ३ | ३ | ६ | २ | १४ | ८.५३ |
| ९ | कारक/विभक्ति | १ | ४ | २ | १ | ८ | ४.८७ |
| १० | लेख्य चिन्ह | १ | ४ | २ | ५ | १२ | ७.३१ |
| ११ | शब्दभण्डार | ३ | ३ | ७ | ३० | ४३ | २६.२१ |
| | जम्मा | २१ | ४० | ४० | ६३ | १३६ | |
| | प्रतिशत | १२.८० | २४.३९ | २४.३९ | ३८.४१ | | १०० |

प्रस्तुत तालिकामा व्याकरणसँग सम्बन्धित अभ्यासलाई केलाएर हेर्दा पदसङ्गतिसँग सम्बन्धित अभ्यासलाई जम्मा २४ ओटा अर्थात् १४.६३%, वर्णविन्यासतर्फ जम्मा ६ ओटा अर्थात् ३.६५% कालसँग सम्बन्धित अभ्यासलाई हेर्दा जम्मा १७ ओटा अर्थात् १०.३६%, पक्षसँग सम्बन्धित जम्मा १५ ओटा अर्थात् ९.१४%, अर्थ/भावसँग सम्बन्धित जम्मा ३ ओटा अर्थात् ५.४८%, क्रियापदसँग सम्बन्धित जम्मा १३ ओटा अर्थात् ७.९२%, शब्दवर्गसँग सम्बन्धित जम्मा १४ ओटा अर्थात् ८.५३%, कारक/विभक्तिसँग सम्बन्धित

जम्मा ८ ओटा अर्थात् ४.८७%, लेख्य चिन्हसँग सम्बन्धित १२ ओटा अर्थात् ७.३१% शब्दभण्डारसँग सम्बन्धित जम्मा ४३ ओटा अर्थात् २६.२१% अभ्यासहरू समाविष्ट रहेको तथ्य प्रस्तुत तालिकाको विश्लेषणबाट प्रष्ट भएको छ । व्याकरण अन्तगर्तका शीर्षकहरूमध्ये सबैभन्दा बढी शब्दभण्डारसँग सम्बन्धित अभ्यास रहेको पाइन्छ भने सबभन्दा कम अभ्यास अर्थ/भावसँग सम्बन्धित अभ्यास रहेको पाइन्छ । यसबाट कक्षा ६ को नेपाली भाषा शिक्षणमा सकेसम्म शब्दभण्डारको विकास गराउन वर्णविन्याससँग सम्बन्धित अभ्यासहरू बढी समावेश गरिएको पाइन्छ ।

प्रस्तुत तालिकाको वर्गीकरणलाई हेर्दा परिचयात्मक अभ्याससँग सम्बन्धित जम्मा २१ ओटा अर्थात् १२.८०%, धारणात्मकसँग सम्बन्धित जम्मा ४० ओटा अर्थात् २४.३९, प्रयोगात्मकसँग सम्बन्धित जम्मा ४० ओटा २४.३९%, पहिचानात्मकसँग सम्बन्धित जम्मा ६३ ओटा अर्थात् ३८.४१%। अभ्यास रहेको पाइन्छ । यस तालिकाको तथ्यबाट के प्रष्ट हुन जान्छ भने पहिचानात्मक तर्फका अभ्यासलाई बढी महत्त्व दिइएको छ भने धारणात्मक र प्रयोगात्मक तर्फ पनि निकै जोड दिएको पाइन्छ भने सबभन्दा कम स्थान परिचयात्मक अभ्यासलाई दिएको पाइन्छ ।

### ४.२.४ भाषिक सीपसम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण तालिका सङ्ख्या ४ भाषिक सीपसँग सम्बन्धित अभ्यासहरूको विवरण

**तालिका सङ्ख्या ४**

| क्र.सं. | भषिक विधा | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कविता | ६ | ४ | १६ | २८ | ५४ | २४.४३ |
| २ | कथा | ६ | ६ | १२ | २४ | ४८ | २१.७१ |
| ३ | प्रवन्ध | ३ | ७ | ९ | २२ | ४१ | १८.५५ |
| ४ | जीवनी | ३ | ६ | ५ | २२ | ३६ | १६.२८ |
| ५ | रुपक | ३ | ५ | ३ | ११ | २२ | ९.९५ |
| ६ | चिठ्ठी | २ | ४ | ३ | ११ | २० | ९.०४ |
| ६ | जम्मा | २३ | ३२ | ४८ | ११८ | २२१ | |
| प्रतिशत | | १०.४० | १४.४७ | २१.७१ | ५३.३९ | | १०० |

प्रस्तुत तालिकामा विधागत रुपमा भाषिक सीपसँग सम्बन्धित अभ्यासको तथ्यगत विश्लेषण गरिएको छ । जसमा कविता विधा अन्तर्गत सुनाइसँग सम्बन्धित ६, बोलाइसँग सम्बन्धित ४, पढाइसँग सम्बन्धित १६, लेखाइसँग सम्बन्धित २८ गरी जम्मा ५४ अथवा २४.४३% अभ्यासहरू दिइएका छन् । कथा विधाभित्र सुनाइसँग सम्बन्धित ६, वोलाइसँग सम्बन्धित ६, पढाइसँग सम्बन्धित १२, लेखाइसँग सम्बन्धित २४ गरी जम्म ४८ ओटा अर्थात् २१.७१% अभ्यासहरू समावेश रहेका छन् । प्रवन्ध विधा अन्तर्गत सुनाइसँग सम्बन्धित ३, वोलाइसँग सम्बन्धित २२ गरी जम्मा ४१ ओटा अर्थात् १८.५५% अभ्यासहरू समावेश छन् । जीवनी विधा अन्तर्गत सुनाइसँग सम्बन्धित ३, बोलाइसँग सम्बन्धित ३, वोलाइसँग सम्बन्धित ६, पढाइसँग सम्बन्धित ५, लेखाइसँग सम्बन्धित २२ गरी जम्मा ३६ ओटा अर्थात् १६.२८% अभ्यासहरू रहेका छन् । त्यसै गरि रूपक विधा अर्न्तगत सुनाइतर्फ ३, वोलाइतर्फ ५, पढाइतर्फ ३, लेखाइतर्फ ११ गरी जम्मा २२ ओटा अथवा ९.९५% अभ्यासहरू रहेका छन् । चिठी विधा अन्तर्गत सुनाइलाई २, बोलाइतर्फ ४, पढाइतर्फ ३, लेखाइतर्फ ११ गरी जम्मा २० ओटा अर्थात् ९.०४% अभ्यासहरू समावेश रहेका छन् ।

यसरी विश्लेषण गरेर हर्दा सुनाइतर्फ जम्मा २३ ओटा अर्थात् १०.४०%, बोलाइतर्फ जम्मा ३२ ओटा अर्थात् १४.४७%, पढाइतर्फ जम्मा ४८ अर्थात् २१.७१%, लेखाइतर्फ ११८ ओटा अर्थात् ५३.३९% अभ्यासहरू रहेको छन् । यसको तुलनामा अन्य सीपसँग सम्बन्धित अभ्यासहरूलाई कम महत्त्व दिइएको पाइन्छ । निम्न माध्यमिक तहको पाठ्यक्रमले लेखाइ सीपलाई बढी महत्त्व दिइएको छ । पाठ्यपुस्तकको उद्देश्यअनुरूप कक्षा ६ को 'हाम्रो नेपाली किताब' ले लेखाइ सीपका अतिरिक्त अन्य सीपलाई उचित ढङ्गले समावेश गर्न सकेको पाइदैन ।

### ४.३ ''रसिलो नेपाली'' कक्षा ६ मा प्रयुक्त नमुना अभ्यासको व्याख्या तथा विश्लेषण

''रसिलो नेपाली'' नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर द्वारा स्वीकृति प्राप्त कक्षा ६ को नेपाली भाषा पाठ्यक्रममा आधारित भई तयार पारिएको पाठ्यवस्तु हो । यसलाई संस्थागत विद्यालयहरूले पाठ्यसामाग्रीको रुपमा प्रयोग गर्दै आएका छन् । यस पाठ्यपुस्तकको अभ्यासको विश्लेषण निम्नानुसार गरिएको छ ।

### ४.३.१ शब्दार्थ व्याख्या विश्लेषण

**तालिका सङ्ख्या ५: शब्दार्थका विवरण**

| क्र.सं. | शब्दको किसिम | शब्दसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्यायवाची | १४० | ६६.३५ |
| २ | प्राविधिक/पारिभाषिक | ४७ | २२.२७ |
| ३ | अनेकार्थक | १० | ४.७३ |
| ४ | अनुकरणात्मक | ४ | १.९० |
| ५ | उखान टुक्का | १० | ४.७३ |

प्रस्तुत तालिकामा 'रसिलो नेपाली' कक्षा ६ को शब्दार्थको सूचीमा रहेका शब्दहरूको सूची प्रस्तुत गरिएको छ । यस पाठ्यपुस्तकको पाठका अन्तमा जम्मा २११ ओटा शब्दको अर्थ छ । जस मध्ये पर्यायवाची शब्द १४०, अर्थात् ६६.३५% , प्राविधिक/पारिभाषिक शब्दहरू ४७ अर्थात् २२.२६%, अनेकार्थक १० अर्थात् ४.७३%, अनुकरणात्मक ४ अर्थात् १.९०%, उखान टुक्का ७३ रहेको देखिन्छ । शब्दको तथ्यगत विवरणलाई विश्लेषण गर्दा पर्यायवाची शब्दहरू सबैभन्दा बढी, यस्तै दोस्रो स्थान प्राविधि/पारिभाषिक शब्दले ओगटेको छ भने अनेकार्थ र उखान टुक्काको मात्रा बराबरी रहेको देखिन्छ र सबैभन्दा कम अनुकरणात्मक शब्द रहेको देखिन्छ ।

### ४.३.२ विधासम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

**तालिका सङ्ख्या ६ अभ्यासहरूको विधागत तथा तहगत विवरण**

| क्र.स. | विधा | विधागत सङ्ख्या | कण्ठस्थ | बोध | प्रयोगात्मक | सिर्जनात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कथा | ६ | | २५ | ५३ | १५ | ९३ | ३३.५७ |
| २ | कविता | ४ | ४ | ७ | ४६ | ८ | ६५ | २३.४६ |
| ३ | निबन्ध/प्रबन्ध | ४ | १ | १२ | ३५ | १२ | ६० | २१.६६ |
| ४ | जीवनी | १ | ४ | २ | ८ | २ | १६ | ५.७७ |
| ५ | संवाद | २ | | ५ | २१ | ५ | ३१ | ११.१९ |
| ६ | चिठी / विवाद | | | | | | | |
| जम्मा | | १८ | ९ | ५४ | १७० | ४४ | २७७ | |
| प्रतिशत | | | ३.२४ | १९.४९ | ६१.३७ | १५.८८ | | १०० |

उक्त तालिकामा विधासँग सम्बन्धित अभ्यासहरूको तथ्यगत सूचना देखाइएको छ । माथिको तालिका अनुसार 'रसिलो नेपाली' कक्षा ६ मा कथा ६, कविता ४, निबन्ध/ प्रबन्ध ४, जीवनी १, संवाद २, चिठी /निवेदन १ गरी जम्मा १८ वटा पाठ्शीर्षक समावेश गरिएको छ । प्रत्येक पाठका अन्तमा दिइएका अभ्यासहरूको छुट्टाछुट्टै विश्लेषण गर्दा कथा विधामा कण्ठस्थतर्फ ০, बोधतर्फ २५ प्रयोगात्मकतर्फ ५३, सिर्जनात्मकतर्फ १५ गरी जम्मा ९३ अर्थात् ३३.५७% अभ्यासहरू समावेश छन् । कथा विधामा समाविष्ट अभ्यासहरूलाई विश्लेषण गरेर हेर्दा सबैभन्दा बढी प्रयोगात्मक अभ्यासलाई जोड दिइएको पाइन्छ भने कण्ठस्य तर्फका अभ्यासलाई कुनै पनि स्थान दिइएको पाइदैन ।

कविता विधा अन्तर्गत कण्ठस्थतर्फ ४, बोधतर्फ ७, प्रयोगात्मकतर्फ ४६, सिर्जनात्मक तर्फ र गरी जम्मा ६५ अर्थात् २३.४६% अभ्यासहरू समाविष्ट छन् । उक्त तथ्यबाट के स्पष्ट हुन्छ भने कविता विधासँग सम्बन्धित अभ्यासहरूमा सबैभन्दा बढी जोड प्रयोगात्मक अभ्यासलाई दिइएको छ भने सबैभन्दा कम महत्त्व कण्ठस्थ र बोध पक्षलाई दिइएको छ ।

निबन्ध/प्रबन्ध विधा अन्तर्गत कण्ठस्थतर्फ १, बोधतर्फ १२, प्रयोगात्मकतर्फ ३५, सिर्जनात्मकतर्फ १२, जम्मा ६० ओटा अर्थात् २१.६६% अभ्यासहरू समावेश रहेको देखिन्छ यसलाई हेर्दा सबैभन्दा बढी जोड प्रयोगात्मक अभ्यासलाई दिइएको पाइन्छ ।

जीवनी विधा अन्तर्गत कण्ठस्थतर्फ ४, बोधतर्फ २, प्रयोगात्मकतर्फ ८, सिर्जनात्मकतर्फ २ गरी जम्मा १६ ओटा अर्थात् ५.७७% अभ्यासहरू समावेश रहेको देखिन्छ । यस तथ्यलाई मनन गर्दा प्रयोगात्मकतर्फका अभ्यासलाई विशेष जोड दिइएको पाइन्छ भने बोध र सिर्जनात्मकतर्फका अभ्यासलाई कम महत्त्व दिइएको पाइन्छ ।

संवाद विधा अन्तर्गत कण्ठस्य तर्फ ০, बोध तर्फ ५, प्रयोगतर्फ २१, सिर्जनात्मक तर्फ ५ गरी जम्मा ३१ अर्थात् ११.१९% अभ्यासहरू समावेश छन् । यसबाट के बुझ्न सकिन्छ भने संवाद विधामा प्रयुक्त अभ्यासहरू मध्ये सबैभन्दा बढी प्रयोगात्मक तर्फका अभ्यासलाई जोड दिइएको पाइन्छ । सिर्जनात्मक बोधात्मक तर्फका अभ्यासलाई कम महत्त्व दिएको र कण्ठस्थतर्फका अभ्यासको स्थान शून्य रहेको देखिन्छ ।

चिठी विधा अर्न्तगत कण्ठस्थलर्फ ০, बोधतर्फ ३, प्रयोगात्मकतर्फ ७, सिर्जनात्मकतर्फ २, गरी जम्मा १२ ओटा अर्थात् ४.३३% अभ्यासहरू समावेश रहेका छन् । यस तथ्यलाई मनन गर्दा चिठी विधा अर्न्तगत सबैभन्दा बढी प्रयोग पक्षका अभ्यासहरूलाई जोड दिइएको र कण्ठस्थतर्फका अभ्यासलाई कुनै पनि स्थान नदिएको पाइन्छ ।

प्रस्तुत तथ्याङ्कीय सूचकलाई समग्ररुपमा विश्लेषण गर्दा गरेर हेर्दा प्रयोगात्मक अर्न्तगतका अभ्यासहरू सबैभन्दा बढी र सबैभन्दा कम कण्ठस्थ अर्न्तगतका अभ्यासहरू रहेको देखिन्छ। ‘‘रसिलो नेपाली’’ कक्षा मा रहेका कथा, कविता, निबन्ध, जीवनी, संवाद, चिठी सबै विधामा १८ वटै अभ्यासहरूको तथ्याङकीय सूचनाको स्वरुपलाई समग्ररुपमा हेर्दा कण्ठ गरेर उत्तर लेख्नुपर्ने अभ्यासहरू ९ ओटा अर्थात् ३.२४%, बोधात्मक अभ्यासमा जम्मा ५५ ओटा अर्थात् १९.४९%, प्रयोगात्मक अभ्यास जम्मा १७० अर्थात् ६१.३७%, सिर्जनात्मक अभ्यासहरूमा जम्मा ४४ ओटा अर्थात् १५.८८% नमुना अभ्यासहरू समावेश गरिएको पाइन्छ। यस तथ्यबाट प्रयोगात्मक प्रश्नहरूको बाहुल्य रहेको देखिन्छ। तहगत वितरणका आधारमा हेर्दा प्रयोगात्मक अभ्यासहरू सबैभन्दा बढी र क्रमशः बोधात्मक, सिर्जनात्मक र कण्ठस्थ सम्बन्धी अभ्यासहरू रहेका छन्। यस कुरालाई दृष्टिगत गर्दा उक्त पाठ्यवस्तुको विधागत र अभ्यासिक रखाई उपयुक्त रहेको पाइन्छ।

### ४.३.३. व्याकरण सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषणः

**तालिका सङ्ख्या ७:**

| क्र.स. | व्याकरण | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | पदसङ्गती | | | ३ | | ३ | ३.४४ |
| २ | वर्णविन्यास | | ३ | १० | | १३ | १४.९४ |
| ३ | काल | | १ | २ | १ | ४ | ४.५९ |
| ४ | पक्ष | | | १ | | १ | १.१४ |
| ५ | अर्थ/भाव | | १ | २ | | ३ | ३.३४ |
| ६ | वाक्यपरिवर्तन | | १ | ३ | १ | ५ | ५.७८ |
| ७ | क्रियापद | | २ | ६ | १ | ९ | १०.३४ |
| ८ | शब्दबर्ग | १ | | ११ | २ | १४ | १.०९ |
| ९ | कारक/ विभक्ति | | १ | ३ | | ४ | ४.५९ |
| १० | लेख्य चिन्ह | | १ | ३ | | ४ | ४.५९ |
| ११ | शब्दभण्डार | ३ | ७ | १५ | ६ | ३१ | ३५.६३ |
| | जम्मा | ४ | १६ | ५६ | ११ | ८७ | |
| | प्रतिशत | ४.५९ | १८.३९ | ६४.३६ | १२.६४ | | १०० |

प्रस्तुत तालिकामा उल्लेख भए नुसार व्याकरण उपशीर्षकहरूमा समाविष्ट अभ्यासको तथ्यगत विश्लेषण गर्दा पदसङ्गतिसँग सम्बन्धित अभ्यासमा परिचयात्मक अर्न्तगत ०,

धारणात्मक अर्न्तगत ०, प्रयोगात्मक अर्न्तगत ३, पहिचानात्मक अर्न्तगत ०, गरी जम्मा ३ अर्थात् ३.४४%, वर्णविन्यासअर्न्तगत परिचयात्मक अर्न्तगत ०, धारणात्मक अर्न्तगत ३, प्रयोगात्मक तर्फ १०, पहिचानात्मक अर्न्तगत ०, गरी जम्मा १३ अर्थात् १४.९४%, अभ्यासहरू समावेश रहेको देखिन्छ । कालसँग सम्बन्धित अभ्यासलाई हेर्दा, परिचयात्मकतर्फ ०, प्रयोगात्मक तर्फ २, धारणात्मकतर्फ १ पहिचानात्मक अर्न्तगत १, गरी जम्मा ४ ओटा अर्थात् ५.५९%, अभ्यासहरू समावेश रहेको देखिन्छ । यस्तै गरी पक्ष अन्तर्गत जम्मा १ ओटा अर्थात् १.१४%, अर्थ/भावसँग सम्बन्धित जम्मा ३ ओटा अर्थात् ३.३४%, वाक्यपरिवर्तन अर्न्तगत जम्मा ५ ओटा अर्थात् ५.७५%, क्रियापदसँग सम्बन्धित जम्मा ९ ओटा अर्थात् १०.३४%, शब्दवर्गसँग सम्बन्धित जम्मा १४ ओटा अर्थात् १६.०९%, कारक/विभक्तिसँग सम्बन्धित जम्मा ४ ओटा अर्थात् ४.५९%, लेख्य चिन्हसँग सम्बन्धित ४ ओटा अर्थात् ४.५९% शब्दभण्डारसँग सम्बन्धित जम्मा ३१ ओटा अर्थात् ३५.७३% अभ्यासहरू समावेश रहेको तथ्य प्रस्तुत भएको देखिन्छ। उक्त तथ्यगत प्रविष्टिलाई हेर्दा शब्दभण्डारसँग सम्बन्धित अभ्यासहरूलाई बढी महत्त्व दिइएको पाइन्छ भने शब्दवर्ग, वर्णविन्यास, वाक्यपरिवर्तन, लेख्य चिन्हहरूलाई पनि प्राथमिकता दिइएको पाइन्छ ।

उक्त तालिकामा गरिएको वर्गीकरणका आधारमा परिचयात्मक ४ ओटा अर्थात् ४.५९%, धारणात्मक १६ ओटा अर्थात् १८.३९%, प्रयोगात्मक ५६ ओटा अर्थात् ६४.३६%, पहिचानात्मक ११ ओटा अर्थात् १२.६४% रहेको देखिन्छ । यसरी हेर्दा सबैभन्दा बढी प्रयोगात्मक अभ्यासले स्थान पाएको छ भने सबैभन्दा कम स्थान परिचयात्मक अभ्यासको रहेको देखिन्छ। यसैगरी प्रयोगात्मक अभ्यासहरू बढी समावेश भएको हुनाले यस पाठ्यपुस्तकले व्याकरण अभ्यासलाई बढी प्राथमिक दिई विद्यार्थीको प्रयोगात्मक पक्षलाई महत्त्वका साथ हेरिएको पाइन्छ ।

## ४.३. भाषिक सीप सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषणः

**तालिका नंः ८**

| क्र.स. | भषिक विधा | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कथा | ३ | ७ | १४ | १०१ | १२५ | ३६.५४ |
| २ | कविता | | | ८ | ६८ | ७६ | २२.२१ |
| ३ | निबन्ध | | ५ | ५ | ४९ | ५९ | १७.२५ |
| ४ | जीवनी | १ | १ | १ | १९ | २२ | ६.४३ |
| ५ | चिठ्ठी | | ३ | १ | १५ | १९ | ५.५५ |
| ६ | संवाद | | ५ | ५ | ३१ | ४१ | ११.९८ |
| | जम्मा | ४ | २१ | ३४ | २८३ | ३४२ | |
| | प्रतिशत | ०.८७ | ३.१४ | ९.९४ | ८२.८२ | | १०० |

मथिको तालिकाको अध्ययन एवम् विश्लेषण गर्दा कथा विधामा सुनाइ सीपसँग सम्बन्धित ३ ओटा, बोलाइ सीपसँग सम्बन्धित ७ ओटा, पढाइ सीपसँग सम्बन्धित १४ ओटा, अभ्यास रहेको पाइयो । सम्पूर्ण विधाका आधारमा गणना गर्दा ३६.५४% कथा विधाले ओगट्न सफल भएको छ । त्यसै गरी कविता विधाको नमुना अभ्यासलाई केलाउँदा यस विधामा सुनाइ र बोलाइसँग सम्बन्धित कुनै पनि अभ्यास समावेश गरिएको छैन भने पढाइसँग सम्बन्धित आठ ओटा र लेखाइसँग सम्बन्धित ६ ओटा गरी जम्मा ७६ ओटा अर्थात् २२.२२% प्रश्नहरू समावेश गरिएको छ । यस पाठ्यपुस्तकका निबन्ध विधामा समावेश गरिएका अभ्यासहरूमध्ये सुनाइसँग सम्बन्धित कुनै पनि अभ्यास समाविष्ट छैनन्  भने बोलाइ, पढाइ र लेखाइमा क्रमशः ५, ५, र ४९ गरी जम्मा उनान्साठी ओटा अभ्यासहरू समावेश गरिएको छ । जम्मा अभ्यासका आधारमा चाँहि यस विधामा १७.५५% यस विधासँग सम्बन्धित देखिन्छन् । यसैगरी जीवनी विधातर्फका अभ्यासलाई विश्लेषण गर्नुपर्दा सुनाइ, बोलाइ, र पढाइ सीपसँग सम्बन्धित प्रश्नहरू एक/ एक ओटा मात्र समावेश गरिएको छ भने लेखाइ सीपसँग सम्बन्धित १९

ओटा गरी जम्मा २२ ओटा अर्थात् ६.४३% अभ्यासलाई प्रविष्ट गराइएको छ । चिठी विधासँग सम्बन्धित अभ्यासहरूमा सुनाइ सीपसँग सम्बन्धित कुनै पनि अभ्यास समावेश गरिएको छैन भने बोलाइसँग सम्बन्धित ३ ओटा, पढाइसँग सम्बन्धित १ ओटा र लेखाइसँग सम्बन्धित १५ ओटा गरी जम्मा १९ ओटा प्रश्नहरू अर्थात् ५.५५% अभ्यास समावेश गरेको पाइयो । संवाद विधा अन्तर्गत सुनाइसँग सम्बन्धित कुनै पनि अभ्यास समावेश गरिएको छैन भने बोलाइसँग र पढाइसँग ५/५ ओटा, र लेखाइसँग सम्बन्धित ३१ ओटा गरी जम्मा ४१ ओटा अर्थात् ११.९८% प्रश्नहरू समावेश गराइएको पाइयो ।

यसरी भाषिक सीपका आधारमा नमुना अभ्यासलाई विश्लेषण गर्दा सुनाइ सीपलाई अत्यन्त कम र न्यून प्राथमिक दिइएको पाइयो अर्थात् ०.८७% मात्र सुनाइसँग सम्बन्धित अभ्यास राखिएको छ भने क्रमशः बोलाइ, पढाइ, र लेखाइसँग सम्बन्धित प्रश्नहरू क्रमशः ६.१४%, ९.९४% र ८२.८२% रहेको स्थिति छ । यस तथ्याङ्कका आधारमा सबैभन्दा बढी प्राथमिकता लेखाइ सीपलाई दिइएको छ भने क्रमशः पढाइ, बोलाइ र सुनाइ सीपलाई कम प्राथमिकता दिइएको पाइन्छ ।

# अध्याय : पाँच

## कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' मा समाविष्ट नमुना अभ्यासहरूको तुलना

यस अघिको अध्ययनमा "हाम्रो नेपाली किताब" र "रसिलो नेपाली" मा समाविष्ट अभ्यासहरूको विभिन्न कोणबाट छुट्टाछुट्टै व्याख्या एवम् विश्लेषण गर्ने काम गरिएको छ । उल्लिखित दुई समानान्तर पाठ्यपुस्तकबीच समाविष्ट अभ्यासहरूलाई नै तथ्याङकीय स्रोत मानी सङ्कलन गरिएका सूचनाका आधारमा व्याख्या विश्लेषण समेत तयार पारिएको हो ।

व्याख्या विश्लेषणमा झैँ तुलनात्मक अध्ययनमा पनि दुवै पाठ्यपुस्तकमा दिइएका शब्दार्थ, व्याकरण, भाषिक सीपगत अभ्यासको तुलनात्मक ढङ्गबाट विश्लेषण गरिएको छ । तुलना गर्दा 'हाम्रो नेपाली किताब' लाई पहिलो पक्ष र 'रसिलो नेपाली' लाई द्रोस्रो पक्षका रूपमा लिइएको छ ।

ठकुरी, भोजकुमारः२०६१ 'हाम्रो नेपाली किताब' कक्षा ६ र सजिलो नेपाली माला कक्षा ६ को नमुना अभ्यासको तुलानात्मक अध्ययन

### ५. १ शब्दार्थ तुलनात्मक अध्ययन

**तालिका सङ्ख्या ९: कठिन शब्दार्थको तुलनात्मक विवरण**

| क्र.स. | शब्दार्थको वर्गीकरण | 'हाम्रो नेपाली किताब' | | 'रसिलो नेपाली' किताब | |
|---|---|---|---|---|---|
| | | शब्दसङ्ख्या | प्रतिशत | शब्दसङ्ख्या | प्रतिशत |
| १ | पर्यायवाची | १८५ | ५३.३१ | १४० | ६६.३५ |
| २ | पारिभाषिक/प्राविधिक | १२० | ३४.५८ | ४७ | २२.२७ |
| ३ | अनेकार्थ | १ | ०.२८ | १० | ४.७३ |
| ४ | अनुकरणात्मक | २४ | ६.९१ | ४ | १.४० |
| ५ | उखानटुक्का | १७ | ४.८९ | १० | ४.७३ |
| | जम्मा | ३४७ | १०० | २११ | १०० |

उल्लिखित तालिकामा "हाम्रो नेपाली किताब" र "रसिलो नेपाली" मा समावेश गरिएका शब्दार्थको तुलनात्मक तथ्याङ्कीय सूचक प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कका अनुसार 'हाम्रो नेपाली किताब' मा समावेश गरिएका कठिन शब्दहरू मध्ये पर्यायवाची शब्दको सङ्ख्या १८५ रहेको छ भने सजिलो नेपाली मालामा १४० मात्र रहेको छ । यस तथ्याङ्कले 'हाम्रो नेपाली किताब'मा ४५ ओटा पर्यायवाची शब्द बढी रहेको देखाएको छ । यसैगरी 'हाम्रो नेपाली किताब' १२० ओटा पारिभाषिक/प्राविधिक शब्दलाई विन्यास गरिएको छ भने 'रसिलो नेपाली'मा ४७ ओटा अर्थात् 'रसिलो नेपाली'मा भन्दा ७३ ओटा शब्द बढी रहेको पाइन्छ । यस्तै 'हाम्रो नेपाली किताब'मा एउटा मात्र अर्थात् ०.२८% अनेकार्थ शब्दको समावेश गरिएको छ भने 'रसिलो नेपाली'मा १० ओटा अर्थात् ४.७३% अनेकार्थक शब्द समावेश गराइएको छ । यसैगरी 'हाम्रो नेपाली किताब' मा अनुकरणात्मक शब्द २४ ओटा अर्थात् ६.९१% राखिएको छ भने 'रसिलो नेपाली'मा ४ ओटा अर्थात् १.४०% समावेश गरिएको छ । यसैगरी उखानटुक्का अन्तर्गत 'हाम्रो नेपाली किताब' मा १७ ओटा अर्थात् ४.८९% अभ्यास समावेश गरिएको छ भने 'रसिलो नेपाली'मा १० ओटा अर्थात् ४.७३% समावेश गरिएको छ ।

समग्रमा "हाम्रो नेपाली किताब" मा भएका शब्दार्थको सङ्ख्या ३४७ रहोको छ भने "रसिलो नेपाली" मा यो प्रकारको शब्द सङ्ख्या १४० ओटा रहेको पाइन्छ ।

माथिको तथ्याङ्कका आधारमा शब्दार्थको विश्लेषण गर्दा "रसिलो नेपाली" मा भन्दा "हाम्रो नेपाली किताब" मा शब्दार्थको सङ्ख्या बढी रहेको पाइन्छ । यसैगरी दुवै पाठ्यपुस्तकमा पर्यायवाची र पारिभाषिक/प्राविधिक शब्दार्थको सङ्ख्या बढी छ भने हाम्रो नेपालीमा अनेकार्थक शब्दार्थको सबभन्दा कम छ । यसैगरी 'रसिलो नेपाली'मा अनुकरणात्मक शब्दको सङ्ख्या सबभन्दा न्यून रहेको देखिन्छ ।

## ५.२. विधासम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन

**तालिका सङ्ख्या १०: विधासँग सम्बन्धित अभ्यासहरूको तुलनात्मक विवरण**

| क्रस | विधा | **अभ्यासको तहगत वितरण** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 'हाम्रो नेपाली किताब' | | | | | | 'रसिलो नेपाली' | | | | | |
| | | कण्ठ | बोध | प्रयोग | सिर्जना | जम्मा | प्रतिशत | कण्ठ | बोध | प्रयोग | सिर्जना | जम्मा | प्रतिशत |
| १ | कथा | | १३ | ३१ | ११ | ५५ | २२.५४ | | २५ | ५३ | १५ | ९३ | ३३.५७ |
| २ | कविता | ४ | १६ | ३२ | ५ | ५७ | २३.३६ | ४ | ७ | ४६ | ८ | ६५ | २३.४६ |
| ३ | निबन्ध/ प्रबन्ध | | ११ | ३९ | १३ | ६३ | २५.८१ | १ | १२ | ३५ | १२ | ६० | २१.६६ |
| ४ | संवाद | | ३ | ७ | २ | १२ | ४.९१ | ४ | २ | ८ | २ | १६ | ५.७७ |
| ५ | जीवनी | | ८ | २६ | ११ | ४५ | १८.४४ | | ५ | २१ | ५ | ३१ | ११.१९ |
| ६ | चिठ्ठी | | १ | ८ | ३ | १२ | ४.९१ | | ३ | ७ | २ | १२ | ४.३३ |
| | जम्मा | ४ | ५२ | १४३ | ४५ | २४४ | | ९ | ५४ | १७० | ४४ | २७७ | |
| | प्रतिशत | १.३९ | २१.३१ | ५८.६० | १८.४४ | | १०० | ३.२४ | १९.४९ | ६१.३७ | १५.८८ | | १०० |

माथि उलिलिखित तालिकामा 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' किताब' मा समाविष्ट विधा सम्बन्धी अभ्यासको तुलनात्मक तथ्याङ्कीय सूचना उल्लेख गरिएको छ । उक्त तथ्याङ्क अनुसार 'हाम्रो नेपाली किताब' मा विधा सम्बन्धी अभ्यासमा कथा विधाको कण्ठस्थतर्फ कुनै पनि प्रश्न समावेश गरिएका छैनन् भने बोधतर्फ १३, प्रयोगात्मकतर्फ ३१ र सिर्जनात्मकतर्फ ११ गरी जम्मा ५५ ओटा अर्थात् २२.५४% अभ्यासहरू समावेश गराइएको छ । यसैगरी 'रसिलो नेपाली'का कथामा पनि कण्ठस्थतर्फ कुनै पनि अभ्यास राखिएको छैन भने बोध, प्रयोग र सिर्जनात्मकतर्फ क्रमशः २५, ५३, र १५ ओटा गरी जम्मा ९३ ओटा अर्थात् ३३.५७% अभ्यास समावेश गरिएको छ । यस तथ्याङ्कको तथा विधाको अभ्यासलाई केलाउँदा 'रसिलो नेपाली'मा 'हाम्रो नेपाली किताब' भन्दा बढी प्रश्नहरू प्रविष्टि पाएका छन् । अर्थात् ३८ ओटा

प्रश्नहरू 'रसिलो नेपाली' अन्तर्गतका कथा विधामा देखिन्छन् । अभ्यासको तहगत वितरण पनि समानुपातिक रुपमा 'रसिलो नेपाली'मा सन्तुलित रहेको देखिन्छ ।

यसैगरी 'हाम्रो नेपाली किताब'मा कविता विधा अन्तर्गत कण्ठस्थतर्फ ४, बोधतर्फ १६, प्रयोगात्मकतर्फ २३ र सिर्जनात्मकतर्फ ५ गरी जम्मा ५७ ओटा अर्थात् २३.३६% प्रश्नहरू समावेश गरिएका छन् भने 'रसिलो नेपाली'मा कण्ठस्थतर्फ ४, बोधतर्फ ७, प्रयोगात्मकतर्फ ४६ र सिर्जनात्मकतर्फ ८ ओटा गरी जम्मा ६५ ओटा अर्थात् २३.४६% प्रश्नहरू समावेश गरिएको छ । दुवै पाठ्यपुस्तकमा प्रयोगात्मक पक्षलाई जोड दिइएको छ । सङ्ख्यात्मक रूपमा हाम्रो नेपालीमा भन्दा 'रसिलो नेपाली'मा अभ्यासको सङ्ख्या बढी रहेको देखिन्छ ।

यसैगरी निबन्ध/प्रबन्ध विधा अन्तर्गत "हाम्रो नेपाली किताब" को कण्ठस्थतर्फ कुनै पनि अभ्यास समावेश गरिएको छैन भने बोधतर्फ ११, प्रयोगतर्फ ३९ र सिर्जनात्मकतर्फ ६.१३ ओटा गरी जम्मा ६३ ओटा अर्थात् २५.८१% प्रश्नहरू समावेश गरिएका छन् । त्यसैगरी 'रसिलो नेपाली'को यस विधा अन्तर्गत कण्ठस्थतर्फ १, बोधतर्फ १२, प्रयोगतर्फ ३५ र सिर्जनात्मकतर्फ १२ गरी जम्मा ६० ओटा अर्थात् २१.६६% प्रश्नहरू समावेश गरिएको छ । सङ्ख्यात्मक रुपमा 'रसिलो नेपाली'मा भन्दा ३ ओटा अभ्यासहरू 'हाम्रो नेपाली किताब'मा बढी रहेको देखिन्छ । यी दुवै पाठ्यपुस्तकमा प्रयोग पक्षलाई सबभन्दा बढी प्राथमिकता दिएर अभ्यासको व्यवस्था गरिएको छ ।

यसैगरी संवाद विधा अन्तर्गत कण्ठस्थतर्फ 'हाम्रो नेपाली किताब' मा कुनै पनि अभ्यासलाई राखिएको पाइदैँन भने बोधतर्फ ३, प्रयोगतर्फ ७ र सिर्जनात्मकतर्फ २ ओटा गरी जम्मा १२ ओटा अर्थात् ४.९१% प्रश्नहरू समावेश गरिएको छ ।

यसैगरी 'रसिलो नेपाली'मा पनि कण्ठस्थतर्फ कुनैपनि समावेश गरिएको छैन धने बोध, प्रयोग र सिर्जनात्मक तर्फ क्रमशः ५, २१, र ५ गरी जम्मा ३१ ओटा अर्थात् ११.१९% प्रश्नहरू समावेश गरिएको छ । यस तथ्याङ्लाई केलाउँदा झण्डै दुई दोब्बर अर्थात् १९ ओटा प्रश्न 'रसिलो नेपाली' मा 'हाम्रो नेपाली किताब'मा भन्दा बढी रहेको देखिन्छ ।

यसैगरी जीवनी विधाको अभ्यास खण्डलाई विश्लेषण गर्दा कण्ठस्थतर्फ कुनै पनि प्रश्न समावेश गराइएको छैन भने बोधतर्फ ८ ओटा, प्रयोगतर्फ २६ ओटा र सिर्जनात्मकतर्फ ११ ओटा गरी जम्मा ४५ ओटा अर्थात् १८.४९% अभ्यास समावेश गरिएको छ । यसैगरी "रसिलो नेपाली" मा कण्ठस्थतर्फ ४ ओटा, बोधतर्फ २ ओटा, प्रयोगतर्फ ८

ओटा र सिर्जनात्मकतर्फ २ ओटा गरी जम्मा १६ ओटा अर्थात् ५.७७% प्रश्नहरू समावेश गरिएको छ । यस तथ्याङ्कलाई हेर्दा 'रसिलो नेपाली' मा धन्दा तीन दोब्बर जीवनीसँग सम्बन्धित अभ्यास 'हाम्रो नेपाली किताब'मा राखिएको छ ।

यसैगरी चिठी विधा अन्तर्गत ''हाम्रो नेपाली किताब'' मा कण्ठस्थतर्फ कुनै पनि प्रश्न समावेश गरिएको छैन् भने बोध, प्रयोग, र सिर्जनात्मकतर्फ क्रमशः १, ८ र ३ ओटा प्रश्न समावेश गरिएको छ । 'रसिलो नेपाली'मा चिठी विधा अन्तर्गत कण्ठस्थतर्फ कुनै पनि प्रश्न समावेश गरिएको छैन भने बोधतर्फ १, प्रयोगतर्फ ७ र सिर्जनात्मकतर्फ २ ओटा मात्र प्रश्न समाविष्ट रहेका छन् ।

विधा अन्तर्गत नमुना अभ्यासको तहगत वितरणतर्फ तुलनात्मक विश्लेषण गर्दा 'हाम्रो नेपाली किताब'मा कण्ठस्थतर्फ १.३९%, बोधतर्फ २१.३१%, प्रयोगतर्फ ५८.६०%र सिर्जनात्मकतर्फ १८.४४% नमुना अभ्यास समावेश गरिएको छ । यसैगरी 'रसिलो नेपाली'मा कण्ठस्थतर्फ ३.२४%, बोधतर्फ १९.४९%, प्रयोगतर्फ ६१.३७% र सिर्जनात्मकतर्फ १५.८८% प्रश्नहरू समावेश गरिएका छन् । सङ्ख्यात्मक रुपमा दुवै पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यास उपयुक्त देखिन्छन् । दुवै पाठ्यपुस्तकमा प्रयोगात्मक पक्षलाई जोड दिइएको छ भने कण्ठस्थलाई कम महत्त्व दिइएको छ । यस्तै विधातग वितरणका आाधारमा अभ्यासको विन्यासलाई दुवैमा चिठी विधामा कम अभ्यास समेटिएको पाइन्छ ।

## ५.३. व्याकरण सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन:

### तालिका नं: ११

| क्र.स. . | व्याकरण | 'हाम्रो नेपाली किताब' | | | | | | 'रसिलो नेपाली' किताब | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत |
| १ | पदसङ्गती | ५ | ७ | ८ | ४ | २४ | १४.६३ | | | ३ | | ३ | ३.४४ |
| २ | वर्णविन्यास | १ | ३ | १ | १ | ६ | ३.६५ | | ३ | १० | | १३ | १९४ |
| ३ | काल | ३ | ६ | ४ | ४ | १७ | १०.३६ | | १ | २ | १ | ४ | ४.५९ |
| ४ | पक्ष | २ | ४ | ६ | ३ | १५ | ९.१४ | | | १ | | १ | १.१४ |
| ५ | अर्थ/भाव | | | | ३ | ३ | १.८२ | | १ | २ | | ३ | ३.३४ |
| ६ | वाक्यपरिवर्तन | १ | ३ | २ | ३ | ९ | ५.४८ | | १ | ३ | १ | ५ | ५.७८ |
| ७ | क्रियापद | १ | ३ | २ | ७ | १४ | ७.९२ | | २ | ६ | १ | ९ | १०.३४ |
| ८ | शब्दबर्ग | ३ | ३ | ६ | २ | १४ | ८.५३ | १ | | ११ | २ | १४ | १६.०९ |
| ९ | कारक/ विभक्ति | १ | ४ | २ | १ | ८ | ४.८७ | | १ | ३ | | ४ | ४.५९ |
| १०० | लेख्य चिन्ह | १ | ४ | २ | ५ | १२ | ७.३१ | | १ | ३ | | ४ | ४.५९ |
| ११ | शब्दभण्डार | ३ | ३ | ७ | ३० | ४३ | २६.२१ | ३ | ७ | १५ | ६ | ३१ | ३५.६३ |
| | जम्मा | २१ | ४० | ४० | ६२ | १३६ | | ४ | १६ | ५६ | ११ | ८७ | |
| | प्रतिशत | १२.८० | २४.३९ | २४.३९ | ३८.४१ | | १०० | ४.५९ | १८.३९ | ६४.३७ | १२.६४ | | १०० |

उल्लेखित तालिकामा 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली'मा समाविष्ट गरिएको व्याकरण सम्बन्धी अभ्यासको तुलनात्मक विश्लेषण गरिएको छ। उक्त तालिका अनुसार 'हाम्रो नेपाली किताब'मा पदसङ्गति अन्तर्गत परिचयात्मककतर्फ ५ ओटा र पहिचानात्मकतर्फ ४ ओटा, धारणात्मकतर्फ ७ ओटा गरी जम्मा २४ ओटा अर्थात् १४.६९% प्रश्नहरू समावेश गरिएको 'रसिलो नेपाली'को पद्सङ्गति अन्तर्गत

परिचयात्मक, धारणात्मक र पदसङ्गति अन्तर्गत पहिचानात्मक तर्फ कुनै अभ्यास समावेश गरिएको छैन भने प्रयोगात्मकतर्फ ३ ओटा अभ्यास समावेश गरिएको छ ।

वर्णविन्यासको तथ्याङ्कलाई तुलनात्मक विश्लेषण गर्दा मेरो नेपालीमा परिचयात्मकतर्फ १, धारणात्मकतर्फ ३, र प्रयोगात्मक एवंम् पहिचानात्मक तर्फ १/१ गरी जम्मा ६ ओटा अर्थात् ३.६५% प्रश्नहरू समावेश गएिको पाइन्छ भने रसिलो नेपालीमा वर्णविन्यासको परिचयात्मक र पहिचानात्मक पक्षतर्फ कुनै पनि अभ्यास समावेश गरिएको देखिँदैन भने धारणात्मक र प्रयोगात्मकतर्फ क्रमशः ३ र १० ओटा गरी जम्मा १३ ओटा अर्थात् १४.९४% प्रश्न समावेश गरिएको छ । यस्तै व्याकरणको काल अन्तर्गत हाम्रो नेपालीमा परिचयात्मक तर्फ ३ ओटा, धारणात्मकतर्फ ६ ओटा, प्रयोगात्मक तर्फ ४ ओटा र सिर्जनात्मकतर्फ ४ ओटा गरी जम्मा १७ ओटा अर्थात् १०.३६% प्रश्नहरू समावेश गरिएको छ । 'रसिलो नेपाली'मा चाँहि परिचयात्मकतर्फ कुनै पनि अभ्यास समावेश गरिएको छैन भने धारणात्मकतर्फ १ ओटा प्रयोगात्मकतर्फ २ ओटा, पहिचानात्मकतर्फ १ ओटा गरी जम्मा ४ ओटा अर्थात् ४.५९% प्रश्नहरू समावेश गरिएको छ ।

यस्तै पक्ष अन्तर्गत 'हाम्रो नेपाली किताब'मा परिचयात्मकतर्फ २, धारणात्मकतर्फ ४, प्रयोगात्मकतर्फ ६, र परिचयात्मकतर्फ ३ ओटा गरी जम्मा १५ ओटा अर्थात् ९.१४% प्रश्नहरू समावेश गरिएको छ भने 'रसिलो नेपाली'मा पक्षसँग सम्बन्धित अभ्यासहरूमा परिचयात्मक, धारणात्मक, र पहिचानात्मकतर्फ कुनै पनि अभ्यास समावेश गरिएको छैन । यस्तै प्रयोगात्मकतर्फ पनि १ ओटा मात्र प्रश्न समावेश गरिएको छ ।

यस्तै व्याकरणकै उपशीर्षक अन्तर्गत अर्थ वा भावसँग सम्बन्धित प्रश्नहरूलाई "हाम्रो नेपाली किताब" को नमुना अभ्यासको परिचयात्मक, धारणात्मक र प्रयोगात्मक खण्डतर्फ कुनै पनि परिचयात्मक र पहिचानात्मक पक्षतर्फ कुनै प्रश्न समावेश गराइएका छैनन् । धारणात्मक र प्रयोगात्मकतर्फ भने क्रमशः १ र २ ओटा गरी जम्मा ३ ओटा अर्थात् ३.३४% अभ्यास समावेश गराइएको छ ।

वाक्य परिवर्तन अन्तर्गत 'हाम्रो नेपाली किताब' मा परिचयात्मकतर्फ १, धारणात्मकतर्फ ३, प्रयोगात्मकतर्फ २, र पहिचानात्मकतर्फ ३ गरी जम्मा ९ ओटा अर्थात् ५.४८% प्रश्नहरू समावेश गरिएका छन् । त्यस्तै 'रसिलो नेपाली' मा परिचयात्मकतर्फ कुनै पनि प्रश्न समावेश गरिएको छैन भने धारणात्मकतर्फ र पहिचानात्मकतर्फ क्रमशः १, ३ र १ गरी जम्मा ५ ओटा अर्थात् ५.७४% प्रश्नहरू समेटिएका छन् ।

क्रियापद अन्तर्गत हाम्रो नेपालीमा परिचयात्मकतर्फ १, धारणात्मकतर्फ ३, र प्रयोगात्मकतर्फ २, र पहिचानात्मकतर्फ ७ ओटा गरी जम्मा १३ अेटा अर्थात् ७.९२% प्रश्नहरू समावेश गरिएको छ भने 'रसिलो नेपाली' मा परिचयात्मकतर्फ कुनै पनि प्रश्न नसमेटिएको र धारणात्मक, प्रयोगात्मक र पहिचानात्मक तर्फ ९ ओटा अर्थात् १०.३४% अभ्यास समावेश गरिएको छ ।

यस्तै शब्दबर्ग अन्तर्गत 'हाम्रो नेपाली किताब'मा परिचयात्मकतर्फ ३, धारणात्मकतर्फ ३, प्रयोगात्मकतर्फ ६ र पहिचानात्मकतर्फ २ ओटा गरी जम्मा १४ ओटा अर्थात् ३८.५३% प्रश्नहरू समावेश गरिएका छन् । यस्तै 'रसिलो नेपाली'का परिचात्मकतर्फ १, प्रयोगात्मकतर्फ ११, र पहिचानात्मकतर्फ २ ओटा गरी जम्मा १४ ओटा अर्थात् १६.०९% अभ्यासहरू समावेश गरिएको छ भने परिचयात्मकतर्फ कुनै पनि प्रश्न समावेश गरिएको छैन ।

कारक र विभक्ति अन्तर्गत हाम्रो नेपालीमा परिचयात्मकतर्फ १, धारणात्मकतर्फ ४, प्रयोगात्मकतर्फ २ र पहिचानात्मकतर्फ १ ओटा गरी जम्मा ८ ओटा अर्थात् ४.८७% प्रश्नहरू समावेश गरिएका छन् । यस्तै 'रसिलो नेपाली'मा परिचयात्मक र पहिचानात्मक तर्फ कुनै पनि प्रश्न समावेश गरिएको छैन भने धारणात्मक र प्रयोगात्मकतर्फ क्रमशः १ र ३ ओटा अभ्यास समावेश गरिएको छ ।

लेख्य चिन्ह अर्न्तगत हाम्रो नेपालीमा परिचयात्मकतर्फ १, धारणात्मकतर्फ ४, प्रयोगात्मकतर्फ २ ओटा प्रश्नहरू समावेश गरिएका छन् । यस्तै 'रसिलो नेपाली'मा परिचयात्मक र पहिचानात्मक तर्फ कुनै पनि प्रश्न समावेश गरिएको छैन भने धारणात्मक र प्रयोगात्मकतर्फ क्रमशः १ र ३ ओटा अभ्यास समावेश गरिएको छ ।

यस्तै शब्दभण्डार अन्तर्गत 'हाम्रो नेपाली किताब'मा परिचयात्मकतर्फ ३, धारणात्मकतर्फ ३, प्रयोगात्मकतर्फ ३ र पहिचानात्मकतर्फ ३० ओटा गरी जम्मा ४३ ओटा अर्थात् २६.२१% शब्दभण्डारसँग सम्बन्धित अभ्यास समावेश गरिएका छन् । यस्तै 'रसिलो नेपाली'का शब्दभण्डार अन्तर्गत परिचात्मकतर्फ ३, धारणात्मकतर्फ ७, प्रयोगात्मकतर्फ १५, र पहिचानात्मकतर्फ ६ ओटा गरी जम्मा ३१ ओटा अर्थात् ३५.६९% अभ्यासहरू समावेश गरिएको छ ।

उपलब्ध तथ्याङ्कीय सूचनालाई सङ्ख्यात्मक कोणबाट विश्लेषण गर्दा 'हाम्रो नेपाली किताब'मा व्याकरणगत अभ्यास १३६ ओटा रहेका छन् भने 'रसिलो नेपाली'मा ८७

ओटा मात्र व्याकरणगत अभ्यास हाम्रो नेपालीमा बढी रहेको स्थिति छ । यसैगरी 'हाम्रो नेपाली किताब' मा व्याकरण सम्बन्धी अभ्यासलाई छुट्टै रुपमा छुट्टै निर्देशन दिएर प्रस्तुत गरिएको छ भने 'रसिलो नेपाली' मा छ्यासमिस रुपमा अन्य अभ्याससँगै मिसाएर दिइएको छ । यसैगरी व्याकरण शीर्षकहरूलाई केलाउँदा दुवै पाठ्यपुस्तकमा शब्दभण्डार सम्बन्धी अभ्यासलाई प्राथमिकता दिइएको छ भने हाम्रो नेपालीमा क्रमशः पदसङ्गती, काल, पक्ष, आदिलाई प्राथमिकता दिइएको छ । अर्कातर्फ 'रसिलो नेपाली'तर्फ शब्दभण्डार पछि क्रमशः शब्दवर्ग, वर्णविन्यास एवम् क्रियापद सम्बन्धी अभ्यासमा व्याकरणका शीर्षक अन्तर्गत अर्थ/भाव पक्षलाई सबभन्दा कम महत्त्व दिइएको छ भने 'रसिलो नेपाली'मा पक्षलाई कम महत्त्व दिइएको छ ।

यसैगरी हाम्रो नेपालीको व्याकरण सम्बन्धी अभ्यासमा परिचयात्मकतर्फ २१ अर्थात् १२.८०%, धारणात्मकतर्फ ४० अर्थात् २४.३९%, प्रयोगात्मकतर्फ पनि २४.३९% र पहिचानात्मकतर्फ ६३ ओटा अर्थात् ६३% अभ्यासहरू समावेश गरिएको छ । त्यस्तै 'रसिलो नेपाली'मा परिचयात्मकतर्फ ४ अर्थात् ४.५९%, धारणात्मकतर्फ १६ अर्थात् १८.३९%, प्रयोगात्मकतर्फ ५६ ओटा अर्थात् ६४.३६% र पहिचानात्मकतर्फ ११ ओटा अर्थात् १२.६४% प्रतिशत प्रश्न समावेश गरिएका छन् ।

उक्त तालिका देखाइए अनुसार "रसिलो नेपाली" पाठ्यपुस्तकमा प्रयोगात्मक पक्षलाई सबैभन्दा बढी प्राथमिकता दिइएको छ भने क्रमशः धारणात्मक, पहिचानात्मक र परिचयात्मक पक्षलाई घट्दो क्रममा महत्त्व दिइएको छ ।

यसैगरी "हाम्रो नेपाली किताब" मा पहिचानात्मक  अभ्यासलाई बढी जोड दिइएको छ भने प्रयोगात्मक र धारणात्मकका पक्षलाई बराबरी महत्त्व दिइएको छ भने परिचयात्मक अभ्यासलाई सबै भन्दा कम महत्त्व दिइएको छ ।

## ५.४. भाषिक सीप सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन

**तालिका नं: १२**

| क्र.स. | भाषिक सीप | 'हाम्रो नेपाली किताब' | | 'रसिलो नेपाली' | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | सुनाइ | २३ | १०.४० | २० | ९.२५ |
| २ | बेलाइ | ३२ | १४.४७ | २९ | १३.४२ |
| ३ | पढाइ | ४८ | २१.७१ | ५१ | २३.६१ |
| ४ | लेखाइ | ११८ | ५३.३९ | ११६ | ५३.७० |

प्रस्तुत तालिकामा "हाम्रो नेपाली किताब" र "रसिलो नेपाली" भित्र समाविष्ट भाषिक सीपसम्बन्धी अभ्यासको तुलनात्मक तथ्याङ्कीय सूचक देखाइएको छ । उक्त तालिका अनुसार "हाम्रो नेपाली किताब" मा सुनाइ सीप सम्बन्धी २३ ओटा अर्थात् १०.४०% अभ्यास समावेश गरिएको छ । यसैगरी पढाइसँग सम्बन्धित ४८ ओटा अर्थात् २१.७१% अभ्यास समावेश गरिएको छ भने लेखाइसीपलाई सबभन्दा बढी जोड दिएर ११८ ओटा अर्थात् ५३.३९% अभ्यास समावेश गरिएको छ ।

निजी विद्यालयअन्तर्गत पाठ्यपुस्तक सुनाइ सीप सम्बन्धी २० ओटा अर्थात् ९.२५% अभ्यास समावेश गरिएको छ भने बोलाई सीपतर्फ २९ ओटा अर्थात् १३.४२% प्रश्न समावेश गरिएको छ । यसैगरी पढाइ सीपका लागि ५१ ओटा अर्थात् २३.६१% अभ्यास समावेश गरिएको छ । यस्तै लेखाइ सीपतर्फ ११६ ओटा अर्थात् ५३.७७% अभ्यास समावेश गरिएको छ ।

उक्त तथ्याङ्कका आधारमा भाषिक सीप सम्बन्धी अभ्यासको तुलनात्मक विश्लेषण गर्दा दुवै पाठ्यपुस्तकमा सबैभन्दा कम प्राथमिकता सुनाइ सीपलाई दिइएको छ भने सबभन्दा बढी प्राथमिकता लेखाइ सीपलाई दिइएको पाइयो ।

# अध्याय : ६

# निष्कर्ष र सुझावहरू

कक्षा ६ का लागि तयार पारिएको “हाम्रो नेपाली किताब” र “रसिलो नेपाली” मा प्रयुक्त नमुना अभ्यासको तथ्यगत व्याख्या र तुलनाका आधारमा निम्न निष्कर्ष निकाल्न सकिन्छ ।

## ६.१. निष्कर्ष

### ६.१.१ ‘हाम्रो नेपाली किताब’

१. यस पाठ्यपुस्तकमा कठिन शब्दका निम्ति तयार पारिएको शब्दार्थको सूचीमा पर्यायवाची र प्राविधिक शब्दको बहुलता रहेको छ भने क्रमशः अनेकार्थक, उखानटुक्का, र अनुकरणात्मक शब्दहरूको प्रतिनिधित्त्व घट्दो क्रममा रहेको छ ।

२. कठिन शब्दका निम्ति दिइएका शब्दार्थलाई पर्यायवाची र पारिभाषिक तर्फबाट बढी अर्थ्याइएको पाइन्छ ।

३. व्याकरण सम्बन्धी अभ्यासतर्फ शब्दभण्डार र वर्णविन्याससँग सम्बन्धित अभ्यास सबैभन्दा बढी समावेश गरिएको छ भने अर्थ/भाव सम्बन्धी अभ्यास सबैभन्दा कम समावेश गरिएको छ ।

४. व्याकरण सम्बन्धी अभ्यासमा पहिचानात्मक किसिमका अभ्यासलाई बढी जोड दिइएको छ भने परिचयात्मक प्रकृतिका अभ्यासलाई सबैभन्दा कम जोड दिइएको छ ।

५. भाषिक सीपसँग सम्बन्धित अभ्यासको व्याख्या एवम् विश्लेषण लेखाइ सीपसँग सम्बन्धित अभ्यासलाई सबैभन्दा बढी र क्रमशः पढाइ, बोलाइ र सुनाइ सीपलाई क्रमशः रुपले कम महत्त्व दिइएको छ ।

६. विधागत अभ्यास र व्याकरणको अभ्यासलाई छुट्टाछुट्टै रुपमा प्रस्तुत गरिएको छ । यसैगरी सिर्जनात्मक क्षमताको विकासका लागि पनि छुट्टै (छापाभित्र) तरिकाले अभ्यास राखिएको छ ।

७. अभ्यासहरूलाई सरलबाट जटिलताको क्रममा अन्विति गराइएको छैन ।

८. पाठ्यविधा सम्बन्धी अभ्यासलाई कण्ठस्थ, बोध, प्रयोग र सिर्जनात्मक पक्षमा सन्तुलन चित्तबुझ्दो ढङ्गले समावेश भएको छैन ।

९. अभ्यासमा विविधता तुलनात्मक रुपमा कम रहेको छ ।

**६.१.२. 'रसिलो नेपाली'**

१. यसमा कठिन शब्दका निम्ति दिइएका शब्दार्थलाई पर्यायवाची र प्राविधिक/पारिभाषिक, अनेकार्थ, अनुकरणात्मक, उखानटुक्का तर्फबाट अर्थ्याइएको छ । यस्ता शब्दको सङ्ख्या २११ रहेको छ । ती मध्ये पर्यायवाची शब्दको सङ्ख्या सबभन्दा बढी रहेको छ भने अनुकरणात्मक शब्दको सङ्ख्या सबभन्दा कम रहेको छ ।

२. व्याकरणसँग सम्बन्धित अभ्यासतर्फ शब्दवर्गसँग सम्बन्धित शब्द बढी पाइन्छ भने पक्षसँग सम्बन्धित अभ्यास सबैभन्दा कम पाइयो ।

३. परिचयात्मक, प्रयोगात्मक, धारणात्मक र पहिचानात्मक अभ्यास मध्ये प्रयोगात्मक अभ्यास सबैभन्दा बढी रहेका छन् परिचयात्मक प्रकृतिका अभ्यास सबभन्दा कम रहेको छन् ।

४. अभ्यासहरूलाई सरलदेखि जटिलको क्रममा स्तरण गरिएको छ ।

५. व्याकरणलाई भाषिक विधाका अभ्याससँग छ्यास्मिस पारेर प्रस्तुत गरिएको छ ।

६. “रसिलो नेपाली” मा प्रयुक्त भाषिक सीपसँग सम्बन्धित अभ्यास अर्न्तगत सुनाइ भन्दा बोलाइमा, बोलाइ भन्दा पढाइमा र पढाइमा भन्दा लेखाइमा जोड दिएर अभ्यासको संयोजन गरिएको छ ।

७. अभ्यासको निमार्ण गर्दा मूल पाठलाई बढीभन्दा बढी महत्त्वका साथ प्रस्तुत गरिएको छ ।

८. अभ्यासमा विविधता सन्तोषजनक रुपमा रहेको छ ।

९. पाठ्यविधा सम्बन्धी बोध प्रयोग र सिर्जनात्मक पक्ष बीचको सन्तुलन तुलनात्मक रुपमा सन्तोषजनक रहेको छ ।

**६.१.३ निष्कर्ष:**

शब्दार्थको तुलनात्मक विश्लेषण गर्दा “हाम्रो नेपाली किताब” मा “रसिलो नेपाली” मा भन्दा शब्दार्थको सङ्ख्या बढी रहेको छ । अर्थात् १२६ ओटा शब्दार्थको सङ्ख्या ‘हाम्रो नेपाली किताब’मा बढी रहेको छ । दुवैमा पर्यायवाची एवम् प्राविधिक शब्दको बाहुल्य रहेको छ । तर हाम्रो नेपालीमा अनेकार्थ शब्दको सङ्ख्या अत्यन्त कम रहेको छ भने “रसिलो नेपाली” मा अनुकरणात्मक शब्दको सङ्ख्या कम रहेको छ ।

१. दुवै पाठ्यपुस्तकमा व्याकरण सम्बन्धी अभ्यासलाई शब्दभण्डार र शब्दवर्गसँग सम्बन्धित अभ्यासलाई बढी प्राथमिकता दिइएको छ भने “हाम्रो नेपाली किताब” मा अर्थ/ भावसँग सम्बन्धित अभ्यास सबैभन्दा कम समावेश गरिएका छन् भने “रसिलो नेपाली” पाठ्यपुस्तकमा पक्षसँग सम्बन्धित अभ्यास कम रहेका छन् ।

२. व्याकरण सम्बन्धी अभ्यासलाई “हाम्रो नेपाली किताब” मा छुट्टै रुपमा प्रस्तुत गरिएको छ भने “रसिलो नेपाली” मा विधागत अभ्याससँग छ्यासमिस ढङ्गले समावेश गरिएको छ ।

३. 'रसिलो नेपाली' पाठ्यपुस्तकमा अभ्यासलाई सालदेखि जटिलका क्रममा स्तरण गरिएको छ भने 'हाम्रो नेपाली किताब'मा यस नियमको परिपालना भएको देखिँदैन ।

४. दुवै पाठ्यपुस्तकमा भाषिक सीप सम्बन्धी अभ्यासमा क्रमशः सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई महत्त्व दिइएको छ ।

## ६.२ सुझाव

१. ''हाम्रो नेपाली किताब'' मा शब्दार्थतर्फ दिइएका कठिन शब्दहरूको अर्थ लगाउँदा पर्यायवाची र पारिभाषिकतर्फबाट मात्र नभइ वस्तुगत स्थितिका आधारमा विपरीतार्थी, श्रुतिसम्भिन्नार्थक, अनेकार्थक, अनुकरणात्मक जस्ता विविधता अपनाएर दिनु उपयुक्त हुन्छ । कठिन शब्दार्थको पुनरावृत्तिका लागि अभ्यास खण्डमा शब्द र अर्थको जोडा मिलाउने अभ्यास राखिनु अझ उपयुक्त हुने गर्दछ ।

२. अभ्यास खण्डमा कठिन शब्द दिएर शब्दकोशको प्रयोग गर्न प्रोत्साहित गर्नु पनि त्यतिकै उपयुक्त हुने गर्दछ ।

३. तोकिएका अभ्यासलाई सरलदेखि जटिलको क्रममा स्तरण गर्नु आवश्यक छ ।

४. शब्दार्थ सम्बन्धी अभ्यासहरू दिँदा पाठ्यक्रममा तोकिए अनुसार सबै शब्दलाई आवश्यक प्राथमिकता दिनु आवश्यक छ ।

५. व्याकरणिय अभ्यासलाई पदसङ्गति र शब्दभण्डारमा जोड दिइएको तथा कारक/ विभक्ति, वाक्य परिवर्तन अर्थ/ भाव आदिसँग सम्बन्धित अभ्यास थप गर्नुपर्ने देखिन्छ ।

६. व्याकरण सम्बन्धी अभ्यासलाई विधा सम्बन्धी भन्दा छुट्टै राखेर भाषाबाट व्याकरणलाई अलग्याउने प्रयास भएको छ । तसर्थ यस्ता अभ्यासलाई विधागत अभ्याससँग छ्यासमिस पारेर राख्दा प्रभावकारी हुने देखिन्छ ।

७. एउटै प्रकृतिका अभ्यास सुरुदेखि अन्तसम्म राख्नुको सट्टा विविधतालाई अपनाउन आवश्यक देखिन्छ ।

८. विधाको मर्म अनुसारका अभ्यासलाई हरेक विधाको पछाडि समावेश गराउनु आवश्यक देखिन्छ ।

## ६.३. शैक्षणिक प्रयोजनः

कुनै पनि अध्ययन कार्य तथ्याङ्कीय सूचनाहरूका आधारमा विश्लेषण गरी निष्कर्ष निकालिन्छ । यस्ता निष्कर्षका माध्यमबाट सम्बन्धित विषयको सवल र दुर्वल पक्षको उजागर हुनुका साथै समस्या समाधानका उपायहरू निकाल्ने बलियो अवसर प्राप्त हुन्छ । यस तुलनात्मक अध्ययनबाट पनि नमुना अभ्यासका बारेमा सङ्क्षिप्त जानकारीको खुलासा गर्ने प्रयास गरिएको छ । त्यसैले यस अध्ययनको शैक्षणिक प्रयोजन निम्नानुसार हुने उल्लेख गरिन्छ ।

१. प्रस्तुत अध्ययनले "हाम्रो नेपाली किताब" र "रसिलो नेपाली" मा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक विश्लेषण गरिएकाले सो को सवल र दुर्वल पक्षका बारेमा जान्न चाहनेका लागि मद्दत पुग्ने देखिन्छ ।

२. दुई समानात्तर पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको विविध कोणबाट विश्लेषण गरिएकाले प्राप्त निष्कर्ष र सुझावहरूलाई मध्यनजर गर्दै थप सुधार गर्न सजिलो पर्ने देखिन्छ ।

३. दुवैपाठ्यपुस्तकबीच रहेको नमुना अभ्यासको वितरण, स्तरण र सन्तुलन जस्ता कुरालाई ध्यान दिई नमुना अभ्यासलाई थप बल पुऱ्याउन सहयोग पुग्ने देखिन्छ ।

४. दुवै पाठ्यपुस्तकमा के कस्ता नमुना अभ्यासहरू कसरी समावेश भएका हुन् भनी बुझ्न चाहनेलाई विश्वसनीय आधार बन्ने देखिन्छ ।

५. पाठ्यपुस्तक निर्माता, शिक्षक, निर्देशिका निर्माता र स्वयंलाई पनि त्रुटि निवारण गर्ने उपयुक्त अध्ययन सामग्री बन्न पुग्ने देखिन्छ ।

६. नमुना अभ्यासको लागि अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरूका लागि सहयोगी सामग्री बन्ने देखिन्छ ।

७. भाषा शिक्षण सुपरिवेक्षक, प्रश्न पत्र निर्माणकर्ता एवम् स्वयम् विद्यार्थी वर्गका लागि पनि नमुना अभ्यासको पहिचान गर्न केही हदसम्म मद्दत पुग्ने देखिन्छ ।

## ६.४. भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू:

अनुसन्धानको विषय असिमित हुन्छ । यो कार्य गर्नु आफैँमा कठिन कार्य हो । यसलाई हरेक पक्षबाट निरन्तरता दिनु बढी सान्दर्भिक ठहर्छ । त्यसैले प्रस्तुत अध्ययनको सन्दर्भमा रहेर भावी अनुसन्धानार्थ केही शीर्षकहरू समावेश गर्न सकिन्छ ।

१. कक्षा ६ को ''हाम्रो नेपाली किताब'' र ''रसिलो नेपाली''मा समाविष्ट नमुना अभ्यास को तुलनात्मक अध्ययन ।

२. कक्षा ६ को ''हाम्रो नेपाली किताब'' र ''नयाँ नेपाली'' मा समाविष्ट भाषातत्त्वको तुलनात्मक अध्ययन ।

३. पाठ्यक्रम अनुपातका आधारमा कक्षा ६ को ''हाम्रो नेपाली किताब'' र ''रसिलो नेपाली'' को नमुना अभ्यासको तुलनात्मक अध्ययन ।

४. कक्षा ६ को ''हाम्रो नेपाली किताब'' र ''रसिलो नेपाली'' मा प्रयुक्त शब्दभण्डारको तुलनात्मक अध्ययन ।

५. पाठ्यक्रम अनुक्रमताका आधारमा कक्षा ५ को ''हाम्रो नेपाली किताब'' र ''सजिलो नेपाली माला'' मा समाविष्ट नमुना अभ्यासको विधाहरूको तुलनात्मक अध्ययन ।

६. सामुदायिक र संस्थागत विद्यालयको कक्षा ६ मा अध्ययन गर्ने विद्यार्थीहरूको शब्दभण्डारको अध्ययन ।

७. कक्षा ७ को ''हाम्रो नेपाली किताब'' र ''रसिलो नेपाली'' मा प्रयुक्त व्याकरण अभ्यासको तुलनात्मक अध्ययन ।

८. कक्षा ६ मा अध्ययन गर्ने विद्यार्थीले वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन ।

९. कक्षा ६ का विद्यार्थीहरूको भाषिक क्षमताको मूल्याङ्कन सम्बन्धी अध्ययन ।

१०. निम्न माध्यमिक तह पूरा गरेका विद्यार्थीहरूको भाषातत्त्व क्षमताको अध्ययन ।

# सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (डा.)(२०५५), **नेपाली भाषा शिक्षण**, काठमाडौँः कुञ्जल प्रकाशन, (तेस्रो संस्करण)

खड्का, यसोदा (२०५८), **हाम्रो नेपाली किताब कक्षा ८ र सजिलो नेपाली माला प्रयुक्त नमुना अभ्यासहरूको एक अध्ययन**, एम. एड. शोध पत्र (अप्रकाशित कृति)

गौतम, गेहनाथ (२०५७), **मेरो नेपाली किताब कक्षा ५ को तुलनात्मक अध्ययन**, काठमाडौँः त्रि. वि. (अप्रकाशित एम.एड.शोधपत्र)

ठकुरी, भोजकुमार (२०६१), **हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला कक्षा ६ को नमुना अभ्यासको तुलनात्मक अध्ययन**

पोखरेल, बालकृष्ण (२०४०), **नेपाली वृहत शब्दकोश**, काठमाडौँः ने.रा.प्र.प्र. ।

पराजुली, कृष्णप्रसाद (२०५३), **राम्रो रचना मीठो नेपाली**, काठमाडौँः सहयोगी प्रेस ।

पोखरेल, टीकादत्त (२०५५) **माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन**

बस्नेत, कुमार (२०६०), **हाम्रो नेपाली किताब कक्षा ७ र सजिलो नेपाली माला कक्षा ७ मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन**, एम.एड. शोधपत्र (अप्रकाशित कृति)

लामिछाने, यादव, प्रकाश (२०६२), **नेपाली भाषाशिक्षण**, परिचय, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटि, काठमाडौँ

शर्मा, मोहनराज (२०५३,) **शब्दरचना, वर्णविन्यास, वाक्यपरिवर्तन, अभिव्यक्ति र पाठहरू**, काठमाडौँः नवीन प्रकाशन

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल(२०६०), **नेपाली भाषा र साहित्य शिक्षण,** न्यू हिरा बक्स इन्टरप्राइजेज कीर्तिपुर, नयाँ बजार (प्रथम संस्करण)

सुवेदी, कृष्णप्रसाद (२०६१), **कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'सजिलो नेपाली माला' मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन**

सुवेदी, कृष्णप्रसाद (२०६१,) **कक्षा ६ को हाम्रो नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट अभ्यासको तुलनात्मक अध्ययन** काठमाडौँ: महेन्द्ररत्न क्याम्पस ताहचल